# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ११३ | काठमाडौं | सोमबार, २९ साउन २०८० | Prabhab National Daily | Monday, August 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सिफारिसको महिना दिनपछि मन्त्री बन्दै अनितादेवी



- उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी र माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी रूष्ट हुँदै गएपछि प्रधानमन्त्री दाहालले आफ्नो सरकार जोगाउन जनमतको टेको यसअघि नै खोजेका थिए
- सत्ता रस्साकस्सीका लागि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसभित्र तुरुपसमेत फालेका छन्
- सय किलो सुन प्रकरण छानबिनका लागि उच्चस्तरीय छानबिन समिति बनाउने एमालेको मागमा कांग्रेस नेता डा. शेखर कोइरालाको पनि साथ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जनमत पार्टीकी सांसद अनितादेवी साह मन्त्री बन्दै छिन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीलाई सरकारबाट फिर्ता बोलाउने माओवादीले निर्णय गरेपछि साहको शपथ पक्का भएको हो ।

साहको शपथ आज बिहान १० बजेका लागि तय भएको शीतलनिवास स्रोतले जानकारी दिएको छ । अनितालाई सरकारमा पठाउन जनमतले असार २६ गते सिफारिस गरेको थियो । संघको २५ मन्त्रालयमा नै मन्त्री नियुक्त भइसकेको अवस्थामा कसलाई 'ब्याक' गराउने भन्ने विषयमा विवाद भएपछि उनको नियुक्ति रोकिएको थियो ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी र माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी रुष्ट हुँदै गएपछि माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो सरकार जोगाउन जनमतको टेको यसअघि नै खोजेको बताइन्छ । यहीबेला दाहालले आफ्नै मन्त्रीलाई फिर्ता बोलाएर जनमतलाई मन्त्री दिन राजी भएका हुन् । यसअघि एमालेसँगको नेतृत्वमा बनेको सरकारमा जनमत सरकारमा सहभागी भएको थियो । सत्ता गठबन्धन बदलिएपछि खानेपानीमन्त्री अब्दुल खानले असन्तुष्टि जनाउँदै चैत १७ गते राजीनामा दिएका थिए ।

### सत्ता गठबन्धनमा अब कति बलियो ?

सरकारमा अहिले नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी समावेश रहेका छन् । अनितादेवी मन्त्री भएसँगै जनमत पनि यो गठबन्धनमा सामेल भएको छ ।

प्रतिनिधिसभामा नेपाली कांग्रेसका ८८, माओवादीका ३२, जनता समाजवादी पार्टीका १२, एकीकृत समाजवादीका १०, जनमत पार्टीका छ, नागरिक उन्मुक्ति पार्टीका चार सांसद छन् । दलका कूल सांसद जोड्दा १५२ सांसद पुग्छ । केही स्वतन्त्र सांसदकोसमेत सरकारलाई समर्थन रहेको सत्ता गठबन्धनको दाबी छ । यद्यपि जसपा र एकीकृत समाजवादी सरकारबाट बाहिरेमा प्रधानमन्त्री दाहाललाई मुस्किल पर्ने देखिन्छ । सत्ता रस्साकस्सीका लागि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसभित्र तुरूपसमेत फालेका छन् । आफ्नै पार्टीको सांसद सुनिल शर्मा पक्राउ पर्दा कांग्रेस चुप बसेको बेला ओलीले यस प्रकरणको क्यास गरेका छन् । ओली सत्ता गठबन्धन भत्काउन हरतरहले लागिपरेको बताइएको छ ।

### एमालेकै लाइनमा शेखर

कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले सय किलो सुन तस्करी प्रकरणको मालिक (बाँकी पृष्ठ २ मा)

# बाढीपहिरो र डुबानको जोखिम

## मंगलबारयता ११ जनाको मृत्यु, ९ जना बेपत्ता





अविरल वर्षापछि डुबानमा परेको बाँकेस्थित घर (बाँया) र बर्दियाको क्याम्पस ।

- दोलखाका विभिन्न स्थानमा पहिरोमा परी यो सातामात्रै तीन जनाको मृत्यु, चार जना अझै बेपत्ता
- मकवानपुरमा पहिरोमा परी छ जनाको मृत्यु, दुई जना बेपत्ता
- बर्दियामा बाँसगढी नगरपालिका र बारबर्दिया नगरपालिकाका २०० भन्दा बढी घर डुबानमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अविरल वर्षका कारण मंगलबारयता विभिन्न स्थानमा बाढी तथा पहिरोका कारण जनधनको क्षति भएको छ । आइतबार साँझसम्म विभिन्न स्थानमा बाढीपहिरोमा परी ११ जनाको मृत्यु भएको । सोही अवधिमा नौ जना बेपत्ता रहेको नेपाल प्रहरीले जानकारी दिएको छ ।

पहिरोमा परी अहिलेसम्म सबैभन्दा बढी मकवानपुरमा छ जनाको मृत्यु भएको तथ्यांक छ । गत मंगलबार राति आएको पहिरोमा परी एकै परिवारका पाँच जनाको मृत्यु भएको र शनिबार सुक्खा पहिरोमा परी एक प्रहरीको ज्यान गएको छ । यसैगरी पहिरोमा परी दोलखामा यो साता तीन जनाको मृत्यु भएको छ । दोलखामा बाढीपहिरोमा परी चार जना बेपत्ता छन् भने मकवानपुरमा दुई जना । यता बर्दियामा खोलामा डुबेर तीन जना बेपत्ता भएका छन् ।

यसैगरी २०० भन्दा बढी घर बाढीको डुबानमा परेका छन् । सिन्धुपाल्चोकको इन्द्रावती र भोटेकोशीमा पनि बाढीको बहाव बढेको छ । मर्स्याङ्दी, नारायणी नदीले सतर्कता तह पार गरेको छ भने बाढीपहिरोका कारण सडक बन्द भएका छन् ।

### कहाँ के भए ?

### दोलखामा तीन जनाको मृत्यु

दोलखाका विभिन्न स्थानमा गरी अविरल वर्षाका कारण पहिरोमा परी यो सातामात्रै तीन जनाको मृत्यु भएको छ । त्यस्तै चार जना अझै बेपत्ता छन् । अविरल वर्षापछि आइतबार दिउँसो आएको भेलले बगाउँदा दोलखाको बिगु गाउँपालिका-७ राखामका बाबुछोरा बेपत्ता भएका छन् । बिहान घरबाट झण्डै एक घण्टाको दूरीमा रहेको तीनपाटेमा निगुरो टिप्न गएका अन्दाजी ३५ वर्षीय निमदोर्जे शेर्पा र उनका छोरा अन्दाजी १२ वर्षीय पासाङ शेर्पालाई वर्षासँगै आएको भेलले बगाउँदा बेपत्ता भएको वडाध्यक्ष दलबहादुर श्रेष्ठले बताए ।


१२ बजेतिर तीनपाटेमा निगुरो टिप्ने क्रममा अविरल वर्षासँगै माथिबाट आएको भेलले बाबुछोरालाई अम्बाटोल मूलखोलामा पुऱ्याएकाले बेपत्ता भएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए । शेर्पा बाबुछोरालाई बगाएको खबर पाउनेबित्तिकै गाउँलेले खोजी सुरु गरेको भए पनि अविरल वर्षाकै कारण भेट्न समस्या भएको स्थानीयवासीको भनाइ छ । बेपत्ता बाबुछोराको घरमा बूढी आमैमात्र रहेको स्थानीयवासीले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# जरिवानामा परेका श्रमिकलाई दूतावासले सहयोग गर्ने

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न कारणले जरिवानामा परेका नेपाली श्रमिकहरूलाई रियादस्थित नेपाली दूतावासले सहयोग गर्ने भएको छ । दूतावासले एक सूचना जारी गर्दै साउदी रोजगारीको शिलशिलामा जरिवाना लागेका नेपाली नागरिकलाई स्वदेश फिर्तीको लागि सहयोग गर्ने भएको हो । साउदीमा रहँदा विभिन्न कारणले कम्पनी वा कफिल (साहु)ले जरिवाना लगाइदिएकाहरूलाई दूतावासको सम्पर्कमा आउन वा दिइएको वेबसाइटमा यथाशीघ्र आफ्नो विवरण अपडेट गर्न दूतावासले सूचित गराएको छ ।

'जरिवाना लगाइएका व्यक्तिहरूको विवरण संकलन गरी निजहरूको जरीवाना वा फाइन मिनाहको प्रक्रियालाई मूर्त दिई नेपाल फिर्ता पठाउने विषयमा सम्बन्धित निकायहरूमा छलफल गर्ने प्रयोजनका लागि विवरण अति आवश्यक परेकोले हालसम्म विवरण पेस गर्न छुट भएकाहरूले आफ्नो विवरण अविलम्ब अपडेट गर्न सम्बन्धित सबैमा पुनः अनुरोध गरिन्छ,' दूतावासद्वारा जारी सूचनामा भनिएको छ ।

दूतावासले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाएको छ । यसअघि दूतावासले साउदीका विभिन्न स्थानमा रहेका हुरुब लागेका (कम्पनी छोडेर भागेका) र इकामा (बस्ने अनुमति) नभएका नेपाली श्रमिकहरूलाई आवश्यक प्रक्रिया पूरा गराई बहिर्गमन भिसा (एक्जिट भिसा) मार्फत स्वदेश पठाउँदै आएको छ । साउदी अध्यागमनको प्रावधानअनुसार जरिवाना लागेका श्रमिकको हकमा एक्जिट भिसा नपाइने हुँदा त्यस्ता श्रमिकको यकीन तथ्यांक संकलन गरी आवश्यक समन्वयका लागि विवरण माग गरिएको दूतावासले जनाएको छ ।

साउदी अध्यागमनले ल्याएको नयाँ कानुनअनुसार हालसम्म हुरुब लागेका वा इकामा नभएका झण्डै २५ सय नेपाली श्रमिक दूतावासको सहयोगमा 'एक्जिट' भिसा प्राप्त गरी स्वदेश फर्किन सफल भएको दूतावासले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ ।

# वैदेशिक रोजगारीका नाममा बंगलादेशी नागरिक बन्धक, ७ जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाइदिने भन्दै बंगलादेशी नागरिकलाई नेपाल ल्याएर बन्धक बनाएको पाइएको छ । नेपाल हुँदै विभिन्न देश पठाइदिने आश्वासन देखाएर काठमाडौं ल्याइएका उनीहरूका परिवारसँग फिरौती माग्ने गिरोह पक्राउ परेपछि बन्धक बनाइएको खुलासा भएको हो ।

वैदेशिक रोजगारीको नाममा बन्धक बनाइएका बंगलादेशी नागरिकका परिवारसँग फिरौती रकम माग्ने गिरोहमा संलग्न बंगलादेशी र नेपाली गरी सात जनालाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले बन्धक बनाइएका छ जना बंगलादेशी नागरिकको उद्धारसमेत गरेको छ । पीडितहरूमध्ये कालीमाटीमा रहेको मेमोरियल गेस्ट हाउसबाट एमडी नाजमुल, एमडी इयासिन, इब्राहिम हुसैन र एमडी अल अमिनलाई उद्धार गरिएको छ । त्यस्तै हरिसिद्धिको एक घरमा बन्धक बनाइराखेको अवस्थामा राजोन र राजोन फरहाद हुसैनलाई उद्धार गरिएको प्रहरीले जनाएको छ । वैदेशिक रोजगारीमा लैजाने भन्दै गिरोहले उनीहरूलाई बंगलादेशबाट नेपाल ल्याई काठमाडौंका विभिन्न ठाउँमा रहेका होटल तथा सेफ हाउसमा बन्धक बनाई राखेको र परिवारसँग पैसा माग्ने गरेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा बंगलादेशी नागरिक पाँच जना र नेपाली दुई जना रहेका छन् । जसमा बंगलादेशको गाजीपुरका ४७ वर्षीय अमिर हुसेन, बरिसालका ३७ वर्षीय एमडी मोसिउर, ललितपुरको हरिसिद्धि बस्ने बंगलादेशी नागरिक ३८ वर्षीय सलिम मियाँ, बंगलादेशी नागरिक २१ वर्षीय जहाँगीर आलम, काठमाडौंको हाडीगाउँ बस्ने बंगलादेशी नागरिक २१ वर्षीय तहमिना बेगम, सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-६ की २७ वर्षीया तारा नेपाली र इलामको चुलाचुली गाउँपालिका-४ की ३३ वर्षीया रोशनी राई रहेका छन् । उनीहहरूले पीडितका परिवारसँग २० लाख टाका फिरौती मागेको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २११ र २१२ तथा संगठित अपराध निवारण ऐन, २०७० बमोजिमको कसूरमा थप अनुसन्धान तथा कारबाहीका लागि आइतबार प्रहरी परिसर काठमाडौं पठाइएको वरिष्ठ प्रहरी उपरीक्षक डा. मनोज केसीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# खुला दूध र खानेकुरा बिक्री गर्न रोक लगाउने कामपाको तयारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा) ले खुला दूध प्लास्टिकमा हालेर बिक्री वितरण गर्न रोक लगाउने भएको छ । कामपाले खुलारूपमा दूध प्लास्टिकमा हालेर रबरले बाँधेर बेच्ने काम मापदण्डविपरीत रहेको भन्दै उक्त कार्य तत्काल रोक्ने जनाएको हो ।

पछिल्लो समय बजारलाई थप व्यवस्थापन गर्नका लागि भन्दै नियमितरूपमा अनुगमन गर्ने तयारी गरिरहेको कामपाले विशेषगरी खुलारूपमा बेचिने खानेकुरा, पेयपदार्थ, तरकारी र फलफूलको बजारमा निगरानी बढाउने कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

उनका अनुसार बर्खायाममा पानीसँगै फैलिने संक्रामक रोग फैलिन नदिन बजारमा हुने व्यापारिक क्रियाकलापको अनुगमनका लागि तत्काल टोली परिचालित हुनेछ । 'माछामासु, पानी, दूधजस्ता दैनिक उपभोग्य खाद्य तथा पेय पदार्थबाट चाँडो संक्रमण फैलिन्छ । यसको स्रोत मासु पसल, दूध डेरी, तरकारी तथा फलफूल पसल हुन्,' उनले भनिन्, 'अनुगमन गर्नु भनेको सचेत गराउने र सुधारको मौका दिने पनि हो । मौका दिँदा पनि सुधार नगर्नेलाई कानुनी र प्रशासनिक कारबाहीको दायरामा ल्याउनुपर्छ ।'

त्यसैगरी पानीपुरी, चटपटेजस्ता खानेकुरामा उपभोक्ता झुम्मिने गरेको भन्दै यस्ता खानेकुराबाट हैजालगायत रोग छिट्टै सर्ने भएकाले निश्चित अवधिका लागि बेचबिखनमा रोक लगाउने तयारीसमेत कामपाको रहेको छ ।

चालु आर्थिक वर्षमा कामपाले आफ्नो क्षेत्राधिकारभित्र पर्ने स्थानमा व्यक्तिगत तथा संस्थागत भान्सालाई स्वस्थकर बनाई आरोग्यता कायम गर्न 'स्वच्छ भान्सा' कार्यक्रमका लागि तीन करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छ । कामपाको समग्र स्वास्थ्य कार्यक्रमका लागि भने कूल ९२ करोड ६६ लाख ४४ हजार रूपैयाँ विनियोजन गरेको छ ।

स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा उपभोक्ता अधिकार तथा बजार व्यवस्था अनुगमन समितिको व्यवस्था गरिएको छ । कार्यपालिकाअन्तर्गतका विषयगत समितिले गरेका काम, स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन उपप्रमुखको संयोजकत्वमा रहेको समितिले गर्छ । उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेस गरेर नगरसभाबाट पारित भएका कार्यक्रमको अनुगमन उपप्रमुखकै संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्ने व्यवस्था रहेको छ । सुपरीवेक्षण समितिको कामको समन्वय एकाइले गर्छ ।

# अझै पनि छोराको चाहना अत्यधिक !



**काठमाडौं–** नेपालमा महिला र पुरुषलाई शिक्षा, स्वास्थ्य, सेवा र सुविधाका हिसाबले समान अवसर प्रदान गरिए पनि पितृसत्तात्मक सोचका कारण छोराको चाहनाले लिंग पहिचान गरी भ्रुण हत्या गर्ने प्रवृत्तिले जन्मिएका शिशुमध्ये छोराको संख्या धेरै भएको पाइएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा राष्ट्रिय तथ्यांक कार्यालयका तर्फबाट उपलब्ध गराइएको विवरणअनुसार १०० बालिका जन्मिँदा सरदर ११४ बालकको जन्म हुने गरेको छ । विश्वमा १०० बालिका जन्मँदा १०६ बालक जन्मिनुलाई स्वाभाविकरूपमा लिइन्छ ।

मधेस प्रदेशमा १०० बालिका बराबर १२२ र सुदूरपश्चिम प्रदेशमा ११८ बालकको जन्म हुनुले ती प्रदेशमा अझै पनि छोराप्रतिको चाहना अत्यधिक रहेको देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार जन्मँदा महिलाभन्दा पुरुषको संख्या धेरै भए पनि १९ वर्ष उमेरपछि भने पुरुषभन्दा महिलाको जनसंख्या बढी रहेको पाइएको राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी नेवीनलाल श्रेष्ठले बताए ।

जनगणनाका बेला ठूलो संख्यामा रहेका युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन भएका कारण लैंगिक अनुपात तलमाथि हुन गएको अनुमान गरिएको छ । स्थानीय तहतर्फ विश्लेषण गर्दा ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक र बालिकाको संख्या उल्लेखनीय देखिएको समितिमा प्रस्तुत राष्ट्रिय जनगणनाले देखाएको जनसंख्याको आकार, प्रकार र संरचनासम्बन्धी प्रस्तुतिमा समावेश छ ।

त्यस्तै सहरमा काम गर्ने उमेर समूहका युवाको जनसंख्या बढी रहेको देखिएको छ । जनसंख्याको वृद्धिदर मधेस र लुम्बिनी प्रदेशमा एक प्रतिशतभन्दा बढी छ भने १० वर्षमा मधेस र बागमती प्रदेशमा सबैभन्दा धेरै जनसंख्या थपिएको तथ्यांक प्रस्तुत गरियो । शून्यदेखि १४ वर्ष उमेर समूहको जनसंख्या घट्नुले प्रजनन न्यून भएको देखाएको र १५ देखि ६४ वर्ष उमेर समूहको जनसंख्या वृद्धि भई ६२ प्रतिशत कायम रहनुले काम गर्न सक्ने उमेर समूहको बाहुल्यलाई पुष्टि गरेको श्रेष्ठले बताए ।

यसैबीच महिलाको नाममा रहेको घर वा जग्गा दुवै हुने परिवारको प्रतिशत २३.८ रहेको तथा महिला मूली भएका परिवार प्रतिशत ३१.६ रहेको उल्लेख गरिएको छ । पछिल्लो जनगनणाअनुसार विगत १० वर्षको अवधिमा २७ लाख जनसंख्या बढेको छ ।

वार्षिक जनसंख्याको वृद्धिदर ९० वर्षको इतिहासमा एक प्रतिशतभन्दा तल अर्थात् ०.९२ मा झरेको देखाइएको छ । तथापि, पछिल्लो समय देशमा पुरुष र महिलाको जनसंख्या अन्तरमा सुधार देखिएको छ । जनगणनाअनुसार पछिल्लो समय हिमालबाट-पहाड, पहाडबाट तराई र सहरमा बसाइसराई केन्द्रित हुने क्रम बढेको छ । जनसंख्याको ५४ प्रतिशत बसोबास तराई मधेसमा हुने गरेको छ ।

मुलुकको पछिल्लो जनगणनाअनुसार दुई करोड ९१ लाख ६४ हजार ५७८ जनसंख्या पुगेको छ । समग्रमा मुलुकमा जन्मदर घटेको तथा औषध आयु बढेको उल्लेख गरिएको छ । *रासस*

## सिफारिसको...

पृष्ठ १ बाट जारी

पत्ता लगाउन उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरेका छन् ।

आइतबारको कांग्रेस संसदीय दलको बैठकमा कोइरालाले यस्तो माग अघि सारेका हुन् । भारतमा टनका टन सुन नेपाल भएर जाने उल्लेख गर्दै नेता कोइरालाले भने, 'एमालेले किन उच्चस्तरीय समिति गठनको माग गरिरहेको छ भनेर कहिल्यै सोच्यौं हामीले ? नेपाललाई तस्करको अखडाबाट बन्द गर्न यो जरुरी छ ।'

भारतमा वर्षमा एक हजार ४०० टन सुन खपत हुने गरेको तर ९०० टनमात्र वैधानिक प्रक्रियाबाट आयात हुने गरेको शेखरको दाबी रहृयो ।

एमालेले पनि १०० किलो सुन प्रकरण छानबिनका लागि उच्चस्तरीय छानबिन समितिको माग जारी राखेको छ । एमालेको यही अडानका कारण साउन १० बाट संसद् अवरुद्ध छ । शुक्रबार बैठक अवरुद्ध भएपछि सभामुख देवराज घिमिरेले आजका लागि बैठक डाकेका छन् ।

### मालपोत कार्यालय, बरहथवा, सर्लाहीबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

दलमान लामाको छोरा बुहारी जंगवीर लामाको श्रीमती जिल्ला सर्लाही गा.वि.स. राजघाट वडा नं. ६ हाल: बागमती न.पा. वडा नं. ५ बस्ने **आस माया** समेतले द.नं. २८८ मिति २०८०/०४/१९ मा श्रीमान **जंगवीर लामा पाखरिनको** नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. राजघाट वडा नं. गणेशपुर कि.नं. २०४, ३४१, ५०३ क्षे.फ. ०-१३-०, ०-१-१३, ०-७-२ जग्गा नामसारी गरी पाउँ भनी पेश गरेको माग निवेदनका सम्बन्धमा यस कार्यालयको सम्बन्धित मोठ फाँटमा मोठ भिडाउँदा रामघाट (गणेशपुर) मो.प.नं. २/९९: उल्लेखित कित्ता जग्गा जंगवीर लामा पाखरिनको नाममा मोठ कायम छ, रोक्का छैन । भनी मोठ/रोक्का भिडी आएको र **मिति २०७४/०७/०१ गतेमा मृत्यू भईसकेको श्रीमान जंगवीर लामा पाखरिन**को नाममा दर्ता कायम जग्गा नामसारीका लागि सार्वजनीक सूचना प्रकाशित गर्ने मिति २०८०/०४/२१ को आदेशानुसार यो ३५ (पैतिस) दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । निवदिका निज मृतकका श्रीमती **आस माया**को माग बमाजिम नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी/सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

इति सम्वत २०८० साल श्रावण महिना २२ गते रोज २ शुभम............................।


## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ ।

**Under the zero-cost policy, the employer will bear all the cost for the candidates that includes : Passport fee (NPR 5000; refunded if unused); Medical Screening expenses (NPR 8660); Visa fees (NPR 7064); Transportation costs (NPR 750 for interview round trip and one-way before departure); Lodging and Fooding compensation (NPR 450 per day for 2 days during the interview and 4 days before departure); Orientation fee (NPR 700); Insurance cost (NPR 3708); and Welfare fund contribution (NPR 1500). The employer will also cover air tickets expenses and agency service charges.**

(NAME OF EMPLOYER): **DHL SUPLLY CHAIN (MALAYSIA) SDN BHD**
रोजगारदाता कम्पनी : **डिएचएल सप्लाई चेन (मलेशिया) एस.डीएन. बीएचडी**

| पूर्व स्वीकृति मिति: (Pre Approval Date: | २०७९/१२/२० 2023-04-03 | चलानी नं.: (Reference No. | ६०२००७९३ 60200793 | LOT No. | 283855 | शहर: | (CITY) SHAH ALAM, PENANG, JOHOR BAHRU AND DHL MALAYSIA BRANCHES |
|---|---|---|---|---|---|---|---|

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | CARGO HANDLER कार्गो ह्यान्डलर | 200 २०० | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 44,180 ४४,१८० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छ | Yes छ As per Malaysian law मलेसियन कानुन बमोजिम | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल ` व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगंज काठमाण्डौ वाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक राजगारीमा जाने कामदारहरुले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौटी गरिने छैन ।

**NOTE : Trust Nepal Overseas (P) Ltd has no branches or affiliation with any recruitment agencies. If anybody makes a claim posing as a mediators for this agency are completely untrue. The prospective candidates who choose us are not required to pay any recruitment fees. All the expenses associated to recruitment processes will fully be borne by the employer and no money will be deducted from the workers' salary as well.**

**Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान**
अन्तर्वाता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०५/४,५,६ र ७ गते हुनेछ ।
**The interview will be conducted at the premises of Trust Nepal Overseas ,Maharajgunj Kathmandu 21,22, 23 & 24 August 2023**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौ ।
**We kindly request you to thoroughly study and comprehend the informative materials such as flyers , banners and flexes prominently displayed at our office premises.**
अन्तर्वाताामा सहभागी हुनु हुने उमेदवारहरुले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।
**It is mandatory for all interview attendees to bring their QR vaccination certificate on the day of interview.**

अन्तर्वाता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
**The interview will be conducted by strictly adhering to social distancing and COVID -19 protocols.**

अन्तर्वार्तामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौ । **All the interview attendees are required to wear a facemask throughout the duration of the interview.** अवैध व्यक्ति वा भर्तिकर्ताहरू देखि सावधान रहनुहोस् । Please remain cautious and vigilant regarding the presence of unauthorized individuals or recruiters.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं ।
**If any individual or organization attempts to unlawfully demand recruitment fees or engage in suspicious activities with the interviewee by falsely associating themselves with Trust Nepal Overseas, we kindly urge you to contact and report us right away to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your identity will remain confidential.**

**नोट : विदेश नगएका नयाँ व्यक्तिहरुलाई विशेष प्राथमिक्ता दिईनेछ । पहिला आउने पहिलो प्राथमिक्ता अन्तर्गत फर्म वितरण गरिनेछ । आवेदन दिन आउँदा +२ उतिर्ण गरेको मार्कसिट सहीत उपस्थित हुनु पर्नेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Hotline No. 9802021361
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com


## मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खिमडी, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

## नदीजन्य पदार्थ बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२९)**

यस मोहन्याल गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क. मा भएको व्यवस्था अनुसार यस मोहन्याल गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरिएका तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी तोकिएको दरमा कर दस्तुर रकम संकलन गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरूले E–Bidding मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य सूचना तथा शर्तहरूको विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ । नदीजन्य पदार्थको बिक्रि कर दस्तुर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मितिदेखि २०८१ जेष्ठ मसान्त सम्मका लागि मात्र लागू हुनेछ ।

**तपशिल :**

| सि. नं. | ठेक्का नं. | नदी/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का रकम रु. (अंकमा) (कर बाहेक) | न्युनतम बैंक जमानत | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | **MRM/NCB/G/1/2080/081** | बुका खोला | ६२५० | १३२५००० | ७५००० | ३००० |
| २ | **MRM/NCB/G/2/2080/081** | चरेला खोला | १२८०० | २७१३६०० | १५४००० | ३००० |
| ३ | **MRM/NCB/G/3/2080/081** | ढाँडे खोला | २११५४ | ४४८४६४८ | २५४००० | ३००० |
| ४ | **MRM/NCB/G/4/2080/081** | गोराङ्गे खोला | २७७५० | ५८८३००० | ३३३००० | ३००० |
| ५ | **MRM/NCB/G/5/2080/081** | कारवा खोला | ८७७५ | १८६०३०० | १०६००० | ३००० |
| ६ | **MRM/NCB/G/6/2080/081** | पथरैया खोला | १०१०८ | २१४२८९६ | १२२००० | ३००० |
| ७ | **MRM/NCB/G/7/2080/081** | सांघुरे खोला | १३०६७ | २७७०२०४ | १५७००० | ३००० |
| ८ | **MRM/NCB/G/8/2080/081** | बरपानी खोला | १६६६३ | ३५३२५५६ | २००००० | ३००० |
| ९ | **MRM/NCB/G/9/2080/081** | भैंसिमारहाल्ने खोला | १८९१६ | ४०१०१९२ | २२७००० | ३००० |
| १० | **MRM/NCB/G/10/2080/081** | झाप्री खोला | ३८१४२ | ८०८६१०४ | ४५७००० | ३००० |
| ११ | **MRM/NCB/G/11/2080/081** | खण्डे खोला | १७१०१ | ३६२५४१२ | २०५००० | ३००० |
| १२ | **MRM/NCB/G/12/2080/081** | सिमली खोला | १२४५६ | २६४०६७२ | १५०००० | ३००० |
| १३ | **MRM/NCB/G/13/2080/081** | सुनपाल खोला | १५१८८ | ३२१९८५६ | १८२००० | ३००० |
| १४ | **MRM/NCB/G/14/2080/081** | ठुलीगाड खोला | ४०५०१ | ८५८६२१२ | ४८६००० | ३००० |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मितिः | २०८०/०५/२६, कार्यालय समय सम्म |
| बोलपत्र पेश गर्ने अन्तिम मितिः | २०८०/०५/२७, १२ : ०० बजे |
| बोलपत्र खोल्ने मिति, समय र स्थानः | **२०८०/०५/२७, १४ : ०० बजे** <br> **मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली ।** |
| आन्तरिक राजश्व खाता नं. | **बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.** <br> **खातावालाको नाम : मोहन्याल गाउँपालिका** <br> **खाता नं. : ०७७०१००००००२७२०१** |
| धरौटी खाता नं. | **बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.** <br> **खातावालाको नाम : मोहन्याल गाउँपालिका** <br> **खाता नं. : ०७७०१००००००२४२०१** |

**प्रमुख प्रशासकीय अधिकृत**

## बाढीपहिरो र डुबानको...

पृष्ठ १ बाट जारी

उपरीक्षक दीपक खड्काले शेर्पा बाबुछोरालाई वर्षासँगै आएको भेलले बगाएको खबर प्राप्त भएलगत्तै प्रहरी घटनास्थल पुगेर खोजी सुरु गरेको बताए । अविरल वर्षा जारी रहेकाले खोजीकार्य प्रभावित भएको प्रहरीको भनाइ छ । यो सातामा मात्रै अविरल वर्षाका कारण गत मंगलबार तामाकोशी नदीमा तीतेमाछा टिप्न गएको बिगुगापा-२ ओराङका तिरिस तमाङको माथिबाट झरेको पहिरोले ज्यान गएको थियो ।

गत बिहीबार गौरीशंकर गाउँपालिका-७ मार्बु टोपाटारमा गएको पहिरोमा परी सोही स्थानका ५० वर्षीय देवीमाया मगर र १५ महिने नाबालक प्रिन्स थामीको मृत्यु भएको छ भने टोपाटारकै पहिरोमा परी अझै दुई बेपत्ता छन् । बेपत्ता हुने टोपाटरकै ६० वर्षीय कृष्ण मगर र ४९ वर्षीय हरिला श्रेष्ठ अझै फेला नपरेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ ।

### नदीमा डुबेर बेपत्ता

बर्दियाको बबई नदीमा दाउरा संकलन गर्ने क्रममा तीन युवक छुट्टाछुट्टै स्थानबाट डुबेर बेपत्ता भएका छन् । बगेर बेपत्ता हुनेमा गुलरिया-१२ भैसाहीका ३० वर्षीय बालकृष्ण थारु, गुलरिया-२ का अक्षय चौधरी र महेश चौधरी रहेको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक हिक्मतबहादुर बोहराले जानकारी दिए । बेपत्ताको खोजी कार्य जारी रहेको जिल्ला प्रशासन कार्यालय बर्दियाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद अर्यालले जानकारी दिए ।

### भोजपुरमा एक जनाको मृत्यु

पहिरोमा पुरिएर भोजपुरमा एक जनाको ज्यान गएको छ । शनिबार जंगलमा निगुरो टिप्न गएका नगरपालिका-२ हेलौंछाका स्थानीय ४७ वर्षीय पासाङ तामाङको पहिरोमा पुरिएर ज्यान गएको हो । परिवारसँग निगुरो टिप्न झचालसिङे जंगलमा गएका तामाङलाई बिहीबार बिहान १० बजे सडकभन्दा करिब २०० मिटरमाथिबाट आएको पहिरोले पुरेको थियो । ठूलो पहिरोमा परेर बेपत्ता भएका तामाङको बिहीबारदेखि नै सुरक्षा निकाय र स्थानीयले खोजी जारी राखेका थिए ।

खोजी गर्ने क्रममा नयाँ श्रीनाथ गण भोजपुरका सहसेनानी, सञ्जीव खत्री, नेपाल प्रहरीका प्रहरी निरीक्षक अर्जुन अधिकारी र सशस्त्र प्रहरी बल ५ नम्बर गुल्म टक्सारका प्रहरी निरीक्षक हरिकृष्ण गिरीको कमाण्डमा गएको सुरक्षा निकायको संयुक्त टोली र स्थानीयको समूहले शुक्रबार तामाङलाई मृतावस्थामा फेला परेका हुन् ।

निरन्तरको बर्षात्ले पूर्वी पहाडी जिल्ला भोजपुरका ठाउँठाउँमा बाढीपहिरो जाँदा जनजीवन कष्टकर बनेको छ । सडक हिलाम्य हुँदा ग्रामीण भेगमा नुन, तेल, चामललगायत खाद्य वस्तुकोसमेत अभाव हुन थालेको स्थानीयको भनाइ छ ।

सदरमुकामबाट ग्रामीण भेगसम्म पुग्ने प्रायः सबै सडक बिग्रिएकाले आवतजावतसँगै दैनिक उपभोग्य वस्तुकोसमेत अभाव भएको टेम्केमैयुङ गाउँपालिकाका स्थानीय लोकबहादुर मगरले बताए । बाढीले सडक बगाएकाले आपत्विपद् तथा बिरामी हुँदा अकालमा ज्यान गुमाउनुपर्ने अवस्था आएको उनको भनाइ छ ।

भोजपुर सदरमुकामबाट हतुवागढी, रामप्रसाद राई, साल्पा सिलिछो र आमचोक गाउँपालिका तथा षडानन्द नगरपालिकाका विभिन्न ठाउँमा बाढीपहिरोका कारण यातयात सेवा सञ्चालनमा समस्या भएको व्यापारी शिवकुमार विष्टले जानकारी दिए । 'वर्षात्ले ग्रामीण भेगको जनजीवन प्रभावित भएको छ,' उनले भने, 'निरन्तरको झरीले आवतजावतसँगै दैनिक उपभोग्य वस्तुको ढुवानीमा समस्या छ । सडक ठाउँठाउँमा पहिरो गएकोले हप्तौंबाट सामग्री ढुवानी गर्न सकिएको छैन ।'

अविरल वर्षाका कारण बारीमा बेच्न तयार भएका तरकारी कुहिएर जान थालेको पौवादुङका कृषक धनकुमार राईले बताए । लेकाली भेगमा उत्पादन भएको आलु कुहिएर नष्ट भएको कृषक लाक्पा शेर्पाको भनाइ छ ।

### ३५ किलोमिटर सडकमा ३५ पहिरो

हिमाली जिल्ला मनाङमा आवतजावत पूर्णरूपमा अवरुद्ध भएको छ । डुम्रे-बेसीसहर-चामे सडकअन्तर्गत लमजुङको बेसीसहर नगरपालिका-६ खरखरेमा ट्र्याक भासिएपछि आवागमन अवरुद्ध भएको हो । शुक्रबारदेखि परेको निरन्तर वर्षाका कारण यस सडकखण्डमा आवतजावत रोकिएको आयोजना कार्यालयले जनाएको छ ।

यस सडकखण्डअन्तर्गत लमजुङतर्फ बेलौती बिसौना, खरखरे, रामबजार, घोप्टे भिर, च्याम्चेलगायतका स्थानमा पहिरो खसेको आयोजना कार्यालयका सबइञ्जिनियर सुमन अधिकारीले जानकारी दिए । 'केही स्थानमा पहिरो खसेर अवरुद्ध भएका छन् भने खरखरेमा ट्र्याक नै भासिएको छ, यसले मनाङ आवतजावत ठप्प भएको छ,' उनले भने ।

सडक सञ्चालनका लागि विभिन्न स्थानमा पहिरो पन्छाउने काम गरिरहेको अधिकारीले जनाए । सडकमा खसेको ढुंगा, माटो फाल्दै गर्दा माथिबाट पहिरो खसिरहेको जनाउँदै सबइञ्जिनियर अधिकारीले जोखिम मोलेरै काम गरिरहेको बताए । यस सडकखण्डअन्तर्गत मनाङतर्फ भन्दा लमजुङतर्फ बढी पहिरो खसेको उनले बताए । 'लमजुङतर्फ ३५ किलोमिटर छ । किलोमिटर पिच्छे ३५ पहिरो खसेका छन्,' अधिकारीले भने ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुंगेलले मनाङमा वर्षा नभए पनि लमजुङतर्फ निरन्तर वर्षा भइरहेको बताइन् । उनले पहिरोका कारण सडक अवरुद्ध रहेकाले पुनःसञ्चालनका लागि पहल भइरहेको जानकारी दिइन् । डुम्रे-बेसीसहर-चामे-खाङ्सारसम्म एक सय पाँच किलोमिटर छ । यसमध्ये डुम्रे-बेसीसहर-चामे सडक खण्डको ३० किलोमिटरमा पहिरो खसिरहने गरेको छ । खसेको पहिरो हटाउन आयोजना कार्यालयले विभिन्न स्थानमा एक्साभेटर तयारी अवस्थामा राखेको जनाएको छ ।

### मकवानपुरमा ६ जनाको मृत्यु

पहिरोमा परी मकवानपुरमा एक जना प्रहरीको मृत्यु भएको छ । शनिबार मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैंसेमा खसेको पहिरोमा परी जिल्ला प्रहरी कार्यालयमा दरबन्दी भई हाल भैंसेमा कार्यरत प्रहरी जवानको मृत्यु भएको हो ।

उनी जाजरकोट जिल्लाको शिवालय नगरपालिका-८ का २२ वर्षीय कृतिबहादुर नेपाली रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । सुक्खा पहिरोमा परी घाइते भएका नेपालीलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । उपचारको क्रममा नेपालीको राति १२ बजेपछि मृत्यु भएको हो । सुक्खा पहिरोमा परी अर्का प्रहरी जवान सुनिल मेचे भने सामान्य घाइते भएको प्रहरीले जनाएको छ ।

यसअघि साउन २३ गते मकवानपुरको बागमती गाउँपालिकामा अबिरल वर्षाको कारण गएको पहिरोमा पाँच जनाको मृत्यु भएको थियो । मध्यराति पहिरो खस्दा बेपत्ता भएका ६० वर्षीय अक्कलबहादुर स्याङतान, उनका २२ वर्षीया छोरी शिला पहरी र डेढ वर्षकी नातिनी दिव्या पहरी मृत अवस्थामा भेटिएका हुन् । अक्कलबहादुरकी नातिनी दिव्याको शव भने अघिल्लो साँझ फेला परेको थियो ।

यसअघि पहिरोबाट उद्धार गरिएकी अक्कलबहादुरकी श्रीमती शान्तिमाया स्याङतानको मृत्यु भएको थियो । घटनामा परेका अझै दुईजना भेटिएका छैनन् । बेपत्ता हुनेमा अक्कलबहादुरका २५ वर्षीय ज्वाइँ जीवन पहरी र चार वर्षका नाति मिलन छन् ।

सोही दिन धनुषामा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको थियो । मिथिला नगरपालिका-२ मा बसही खोलाले बगाउँदा सोही वडाका १४ वर्षीय बालक अजय यादवको मृत्यु भएको प्रहरीले जनायो । स्थानीय र प्रहरीले बालकलाई उद्धार गरे पनि उपचारका क्रममा बालकको मृत्यु भएको हो ।

### बर्दियाका २०० भन्दा बढी घर डुबान

बर्दियामा आइतबार बिहानैदेखि परेको अविरल वर्षाका कारण बाँसगढी नगरपालिका र बारबर्दिया नगरपालिकाका विभिन्न स्थानका घरहरू डुबानमा परेका छन् । यहाँका २०० भन्दा बढी घर डुबानमा परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बारबर्दिया नगरपालिका-८ को औरी, भगतपुर र दुधवा गाउँको ४३ घर, बाँसगढी नगरपालिका आठ, रेशमपुरमा ६० र वडा नम्बर ९ कुइनेठीको १२० घरसहित जिल्लामा २०० भन्दा बढी घर डुबान भएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक हिक्मतबहादुर बोहराले बताए । उनका अनुसार डुबानबाट प्रभावितलाई स्थानीय विद्यालय भवनमा राखिएको छ ।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
थापाथली, काठमाडौँ

**स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

(सूचना प्रकाशित मिति : २०८०/०४/२९)

यस कार्यालयका लागि आवश्यक स्टेशनरी तथा कार्यालय सामान आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/ संस्था/ कम्पनीहरुले देहाय वमोजिमका शर्तहरुको अधिनमा रही रीत पूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट पान दर्ता र करचुक्ताको कागजात समेत संलग्न गरेर) पेश गरी यस कार्यालयमा तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| दरभाउपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 1/NSO/080/81 | Stationery and Office Material | दरभाउपत्र फाराममा संलग्न छ । | रु. १०००/- | रु. ४२,०००|- | सिलबन्दी दर्ता |

२. दरभाउपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस कार्यालयको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक (समन्वय) कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०१२००-००१-००२-५२४ (कार्यालयको कोड नं. ३०१०८३५०१) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बिडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।
३. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ ।
४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १.०० बजे कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन/दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।
५. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ ।
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा खरिद कार्य गर्नका लागि प्रतिनिधि नियुक्त (power of attorney letter) गरेको सक्कलै पत्र ।
६. दरभाउपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर **"राष्ट्रिय तथ्यांक कार्यालयको स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी दरभाउपत्र २०८०"** भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।
७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्र सम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।
८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । **स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लिखित सम्पूर्ण सामानहरु सम्झौता भएको मितिले एक महिना भित्र आपूर्ति गरिसक्नु पर्नेछ ।**
९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानुनअनुसार हुनेछ ।
१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।


# उपराष्ट्रपति यादव आज चीन जाँदै

**काठमाडौं (प्रस)–** उपराष्ट्रपति रामसहायप्रसाद यादव जनवादी गणतन्त्र चीनको साताव्यापी भ्रमणमा जाँदै छन् । चीनको कुनमिंगमा आयोजना हुने 'सातौं चीन दक्षिण एसिया प्रदर्शनी' र '२७औं चीन कुनमिंग आयात-निर्यात मेला'मा सहभागी हुन उनी आज (सोमबार) चीन प्रस्थान गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यही साउन ३१ गतेदेखि भदौ ३ गतेसम्म सञ्चालन हुने



उक्त मेलामा सहभागी हुन उहाँ सोमबार दिउँसो ४:२५ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट चीन प्रस्थान गर्ने मन्त्रालयका शिष्टाचार महापाल सुधीर भट्टराईले जानकारी दिए ।

चीन भ्रमणमा उपराष्ट्रपति यादवसँगै उनकी धर्मपत्नी चम्पादेवी यादव, उपराष्ट्रपति कार्यालयका सचिव मधुसुदन बुर्लाकोटी, स्वकीय उपसचिव शत्रुधन यादव, निजी चिकित्सक विक्रम सिलवाल र सेनानी रत्नबहादुर श्रेष्ठ, सहसेनानी भीमसेन देवकोटा छन् ।


**अत्यन्तै जरुरी सूचना**

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वाअनुमान महाशाखावाट २९ गते सोमबारसम्म देशभर नै सामान्य देखि पूर्णतया बदली रहि कर्णाली प्रदेशका स्थानहरूमा मेघ गर्जन र चट्याङ सहित भारी बर्षा भइरहेको हुँदा रुकुम पश्चिम जिल्लामा पनि पहिरो जोखिम क्षेत्रमा ढुङ्गा खस्नुका साथै जमिनमा चिरा पर्ने र भासिन सक्ने, खोलाहरूमा पानीको सतह बढ्नुका साथै भलबाढी आउन सक्ने विद्युत, संञ्चार, खानेपानी, यातायात अवरुद्ध हुन सक्ने, जोखिममा रहेका घर, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी र अन्य संरचनामा क्षति पुग्न सक्ने, दैनिक जनजीवन समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन यस सानीभेरी गाउँपालिकाका संम्भावित जोखिम क्षेत्रमा रहेका व्यक्ति तथा समुदायका साथै सबै सरोकारवाला गाउँपालिकावासीहरूमा हार्दिक अनुरोध गरिन्छ ।

बिर्ख बहादुर विष्ट (अध्यक्ष)
दिपक बुढाथोकी (प्रमुख प्रशासकीय अधिकृत)

**सानीभेरी गाउँपालिका**
**सिम्ली, रुकुम (पश्चिम)**



**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भल्का, कैलाली
सुदूरपश्चिम, प्रदेश

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/२९)

यस नगरपालिकावाट आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको परिच्छेद ९ को दफा ६२(क) को उपदफा (१) अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) आदि कूल संकलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा प्रति घन मिटर रु.१८७५१ (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा लम्कीचुहा नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लम्की शाखामा रहेको खाता नं. LAMKICHUHA NA.PA. AANTARIK RAJASWA KHATA 4450100301010002 मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि बेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।
ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८१ (जेष्ठ मसान्त) सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक)

**तपसील**

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का अंक रू. मा (कर बाहेक) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| 01/LCM/G/2080/081 | चरेला खोला, खहरे खोला र ढाडे खोला | १३०,६७५।०० | रु.२४,५०३,०६८।२३ | रु.५,०००। (पाँच हजार मात्र) |
| 02/LCM/G/2080/081 | चोरी खोला, रतनपानी खोला र आम खोला | १३९,५००।०० | रु.२६,१५७,८५७।४२ | रु.५,०००। ( पाँच हजार मात्र) |
| 03/LCM/G/2080/081 | कर्णाली नदी | ८१,०००।०० | रु.१५,१८८,४३३।३४ | रु.३,०००। (तीन हजार मात्र) |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### दाहालको दाउः एनिहाउ सत्ता टिकाऊ

**प्रतिनिधिसभामा ३२ सिटसहित तेस्रो दल हो माओवादी केन्द्र । तर माओवादीका अध्यक्ष पुष्पकमल दाहाल गत पुसदेखि सत्ताको नेतृत्वमा छन् । तेस्रोपटक प्रधानमन्त्री बनेका उनी बालुवाटार बस्न थालेको छ महिना नाघेको छैन तर मन्त्रिपरिषद् अदलबदल भने दर्जन पुऱ्याइसकेका छन् । दाहाल आफू नेतृत्वको सरकार धरमरमा पर्नसाथ नयाँ मन्त्री नियुक्त गरिहाल्छन् ।**

**यो सत्ता गठबन्धनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हो । त्यसपछि माओवादी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी छन् । आजबाट जनमत पार्टीको पनि मन्त्री सरकारमा सहभागी हुँदै छन् । पुस ११ मा एमालेको सहयोगमा प्रधानमन्त्री बनेका दाहालले फागुनमै काँध फेरे । एमाले अध्यक्ष ओलीले बढी नै शासन गर्न थालेपछि असन्तुष्ट बनेका दाहाल पुरानै सत्ता गठबन्धनमा फर्केका थिए ।**

**अहिले दाहाल बेलाबेला कांग्रेसलाई पनि तर्साउन पछि पर्दैनन् । दाहाल सरकारले कांग्रेस केन्द्रीय सदस्यसमेत रहेको पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई पूर्पक्षका लागि थुनामा राखेको छ । यता सांसद सुनिल शर्मालाई नक्कली प्रमाणपत्र केसमा पक्राउ गरेर दुई दिनपछि रिहा गरेको छ । तर कांग्रेस नेताहरू पक्रेयता दाहाललाई चैन छैन । त्यसैले होला उनी बेलाबेला सत्ता ढले ढल्छ भन्दै चेतावनी दिन पनि भ्याउँछन् । सत्ता जोगाउन दाहालले जनमतलाई फेरि सरकारमा भित्र्याउन लागेको हो । यसअघि नागरिक उन्मुक्ति पार्टीको टेको लगाएको यो सरकार अहिले फेरि धरमरमा परेको छ । ललिता निवास प्रकरणको फाइल निकाल्न साथ माधव नेपालको पार्टी एकीकृत समाजवादी दाहालसँग रुष्ट छ । यता गौर काण्डको फाइल निकाल्ने चर्चाले उपेन्द्र यादवको जनता समाजवादी पार्टी उस्तै त्रसित छ । दाहाल सत्ता जोगाउन जति बलियोसाथ लागेको देखिन्छ, उत्तिकै कमजोर पनि भइरहेका छन् ।**

**सत्ता गठबन्धनका प्रमुख हिस्सेदार कांग्रेस सभापति शेरबहादुर देउवा सिंगापुर पुगेका बेला कांग्रेसलाई तर्साउन दाहालले समाजवादी मोर्चा कसेका थिए नेपाल र यादवसँग । तर अहिले फाइल पल्टाउँदै जाँदा दाहाल आफैं कमजोर बनेका छन् । यस्तो अवस्थामा दाहालले आज १२औं पटक मन्त्रिपरिषद् विस्तार गर्दै छन् । मन्त्रीहरूलाई 'रिपोर्ट कार्ड' माग्ने दाहालले यो कार्यकालमा गरेको मुख्य उपलब्धि नै मन्त्रीको संख्याको विस्तार हो । जनताको सेवा र सुविधाका लागि दाहालले समय दिन भ्याएकै छैनन् । प्रधानमन्त्री भएपछि शपथ खाने, शपथ खुवाउने र विदेश जाने र विवादको 'डिफेन्स' गर्नेबाहेक अरु रेकर्ड सरकारसँग छैन ।**

## मननयोग्य

### चाणक्य नीति

यसरी नन्दको दरबारमा प्रतिज्ञा गरेर जसरी शकटारसँग भेट्न आफ्ना पिता कमाए त्यसैगरी उनी पनि गए । तिहारको मध्यराती अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर जग थिए । बूढा, बच्चा, तरुनी वृती सबै अनुभव पनि दुराचारी नन्दको अत्याचार बिसिएर दीपावलीको मानद लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सबै सुन्न गए । ताराखाली सुन् मात्र थियो या कतै-कतै अन्धारसँग बढ्दै गरेका बती र सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो ।

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो-"बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।'

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने-'मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन 'कौटिल्य' आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । 'कौटिल्य' नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले 'कौटिल्य' आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए ।

शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो-"अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर' राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए । क्रमशः

# जनकपुरधाम : विवाहभूमिको रूपमा 'ब्राण्डिङ'



▸▸ हिमांशु चौधरी

जनकपुरधामविना भारतको धाम र भगवान राम पनि अधुरो रहने यथार्थताको पृष्ठभूमिमा समृद्ध सांस्कृतिक विविधताको संरक्षणअन्तर्गत मिथिलाको जनकपुरधाम र भारतको अयोध्याबीच सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध विस्तार, तीर्थाटनको प्रवर्द्धन गर्ने उद्देश्य राखी रामायण सर्किट परियोजना कार्यान्वयनमा छ । यसलाई जनकपुरधाम र अयोध्याको धार्मिक र सांस्कृतिक सम्बन्धलाई प्रगाढ र तीर्थयात्रीको ओइरो लाग्ने परियोजना त्रेता युगको विरासत गाथा, राम र जानकीको पाइला स्पर्श गरिएको क्षेत्रसँग जोड्ने भागीरथ प्रयास र पर्यटकीय विकासका फाँटमा आशाको किरण मानिएको छ ।

जनकपुरधामको विकासका लागि स्थुल र सूक्ष्म दुई आधार महत्त्वपूर्ण परिलक्षित हुन्छ । स्थुल आधारअन्तर्गत विद्यमान भौतिक संरचनाको ऐतिहासिक, धार्मिक, पुरातात्त्विक र पर्यटकीय महत्त्व रहिआएको छ । यी स्थलको खोजी, पहिचान र संरक्षणसहित पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्न सुन्दर संरचनाका लागि सुन्दर नक्सा नै कोर्नुपर्ने यथार्थतर्फ ध्यानाकर्षण गराइरहेको छ । यसका लागि 'ब्राण्डिङ'का विषयलाई सम्भाव्यका रूपमा लिन सकिन्छ । त्यस्तै सूक्ष्म सम्पदाका रूपमा मैथिली लोककला, संस्कृति र परम्पराप्रतिको आकर्षण विद्यमान छ । मूलतः इतिहास, पुराण प्रसिद्ध जनकपुरधाम विश्वविख्यात वैदिक संस्कृतिको आस्था रहेको हुनाले यस पवित्र भूखण्डको महत्त्व र मर्यादा सनातन संसारका लागि गौरवको विषयवस्तु बनेको छ ।

जनकको प्राचीन मिथिला राज्यको राजधानी, भगवान रामको ससुराली, वृहदारण्य, विदेहभूमि, नैमिकानन, शाम्भवी, तपोवन, स्वर्णलाङल र जानकी जन्मभूमि, तीरभूक्ति, विश्वभाविनी नामले धार्मिक पर्यटनका क्षेत्रमा विशिष्ट स्थान ओगटेको छ । उच्च सभ्यता, ज्ञानविज्ञान र धनधान्यको केन्द्र, शास्त्र लेखन, कला, यज्ञ, तप, तत्त्व चिन्तन र दर्शनमाथि कर्मकाण्ड, विद्वान, विदुषिकोसभा, गोष्ठी, शास्त्र चर्चा, प्रश्नोत्तर र शास्त्रार्थको केन्द्रले परिचित छ । मिथिला शब्दमा मैथिलीको वैचारि कस्वरूप निहित छ । मिथको अर्थ प्रशस्ति, गुणगान र इलाको अर्थ बुद्धि र शक्ति हुन्छ । जनकपुरकै पुण्यभूमिको कोखबाट प्रादुर्भूत जानकीको शील, सहिष्णुता, स्वाभिमान र समर्पणले सनातन सभ्यता र संस्कृतिको विकास क्रममा नयाँ मूल्य मान्यताको स्थापना गरेको छ ।

त्रेता युगमा आदर्श नारी जानकीको विवाह मर्यादापुरुषोत्तम रामसँग हुनुले पनि जनकपुरधामको महिमा मण्डित छ । कल्याणस्वरूप, सत्यस्वरूप भगवानका रूपमा पूजा राम र सत्यस्वरूपा देवीका रूपमा पूजा सीता पुण्यदायक र मोक्षदायक शब्द भएकाले पनि यहाँ आयोजना हुने रामजानकी विवाह महोत्सवमा लाखौं श्रद्धालु सहभागी भई वैवाहिक क्षणको अलौकिक दृश्य हेर्दै जयजयकार गर्दछन् । भागवत् पुराणका अनुसार राम परब्रह्म हुन् भने जानकी लक्ष्मीको अवतार हुन् । जानकी मन्दिर परिसरमा हुने गरेको वैवाहिक क्षणअन्तर्गत कन्यादानविधिको कारूणिकताले त्रेतायुगीन विवाहोत्सवको क्षण प्रकट भएको अनुभूति हुन्छ । यी पृष्ठभूमिलाई विवाहभूमि 'ब्राण्डिङ'का लागि महत्त्वपूर्ण आधार मान्न सकिन्छ । तुलसीदासद्वारा लिखित रामायणअनुसार त्रेतायुगमा १२ बिघामा नै धनुष यज्ञ हुँदा भगवान रामले धनुषमा ताँदो चढाउँदा शिवधनुष खण्डित भएको थियो । यसपछि राजा जनकले विवाह मणिमण्डपमा वैवाहिक उत्सवको आयोजना गराएको ग्रन्थमा उल्लेख छ ।

भगवान विश्वकर्माले जानकीको विवाहका लागि मणि जडित मड्वा निर्माण गरेकै कारणले वैवाहिक मड्वाको नाम मणिमण्डप हुन गएको जनश्रुति छ । राजा जनककी पत्नी सुनयनाले मणिमण्डप भएकै स्थानमा बजार लगाएकी थिइन्, जसलाई सर्वसाधारणले रानी बजारको रूपमा पहिचान गरेका छन् । राजा जनकको दरबारको क्षेत्रफल १५ कोश रहेको विश्वास गरिन्छ । पन्ध्रकोशे दरबारमा ५२ वटा गल्ली रहेकोसमेत बताइन्छ । विभिन्न शोधले दरबारको बीच आँगनका रूपमा जनकपुरको पिडारी गाउँलाई आधार बनाउने गरेको छ । सोही बमोजिम राजा जनकले जानकीको विवाह गर्दा बीच आँगनमा मड्वा निर्माण गर्न लगाएका थिए, जसलाई मणिमण्डपको संज्ञा दिइएको छ । मणिमण्डपको छेउमै सीताले वैदिक परम्पराअनुसार विवाहको क्रममा लाबा छरेकोस्थल वेदी रहेको छ । वेदिरहेको स्थानमा अझै दैविक शक्ति विद्यमान रहेको विश्वास छ । त्यस स्थानमा रातो रङको माटो स्वःस्फूर्त निस्किने गरेको र त्यो माटोलाई सिन्दूरका रूपमा प्रयोग गर्न घुइँचो लाग्ने गरेकोले पनि यसको पौराणिकतालाई पुष्टि गर्दछ ।

त्यसको उत्तरपट्टितर्फको पोखरीलाई जानकीले विवाहपछि आँखा पखालेको स्थल रहेको विश्वास गरिन्छ । पोखरीको पानी अझै कालो नै छ । पानी सतहमुनिको माटोसमेत गाजलु देखिने गरेको छ । पर्यटन मानवीय गतिविधि हो । धार्मिक क्षेत्रलाई पर्यटनको अभिन्न अंग मानिन्छ । धार्मिक पर्यटनको पुरानो गतिविधि भए पनि नयाँ आयामका रूपमा स्थापित भएको छ । जानकी र बुद्धको जन्मथलो भएर पनि नेपालमा धार्मिक पर्यटनको प्रतिफल लिन यथेष्ट प्रयास भएको कमै देखिन्छ । मानव सभ्यतासँगै धार्मिक क्रियाकलापको विकास भएको देखिन्छ । जनकपुरमा पर्यटनको आरम्भको लिखित कथा पौराणिककालदेखि नै पाइन्छ । पौराणिकग्रन्थका आधारमा जनकपुर आउने पहिलो पर्यटक विदेह माधव हुन् । शतपथ ब्राह्मण ग्रन्थमा विदेह माधवले नै आर्यहरूको प्रथम देवता वैश्वानर अग्निलाई आफ्नो मुखबाट प्रकट गरेको उल्लेख छ । त्यसपछि वैदिक र औपनिषदिक ऋचाहरूको रचना गर्ने ऋषिहरूको आगमनको प्रसंग पाइन्छ । याज्ञवल्क्य, अष्टावक्र, गार्गी, मैत्रेयी आदि जनक दरबारमा मीमांसाका लागि पर्यटककै रूपमा आएर आश्रमसमेत बनाएको चर्चा छ । भनिन्छ, कृति जनकको राजसभामा कोशल तथा कुरु प्रदेशबाट आएका विद्वानहरू अश्वल, जरत्कारव, याज्ञवल्क्य, भुज्यु, उशस्तु गार्गी, आरुणि आदि विद्वानहरू रत्नबाट अलंकृत थिए ।

जैनहरूका २४औं तीर्थाकरको जन्म जनकपुरमै भएको थियो । अन्तिम तीर्थकर महावीरका एउटा गणधर जनकपुरकै थिए । महावीर स्वयंले जनकपुरमा छ वर्ष बिताएको र बुद्ध पटक-पटक आएको प्रसंग पाइन्छ । बौद्धको १५ जातकमा पनि जनकपुरको वर्णन छ । विभिन्न प्रकरणमा स्वयं भगवान श्रीकृष्ण जनकपुर तीनपटक आएको प्रमाण महाभारतमा उल्लेख छ । सुफी सन्तहरूको कर्मक्षेत्र रहेको आधारमा मुसलमानहरूका लागि पनि यो भूमि परम पावन रहेको छ ।

बज्जिसंघको सदस्य भएपछि यहाँ बौद्ध धर्मावलम्बीको ओइरोको उल्लेख छ । सन् ६४३ तिर चिनियाँ यात्री हुएनसाङ जनकपुरतिर पनि आएको कुरा उनले आफ्नो यात्रा वृतान्तमा चर्चा गरेका छन् । पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानअन्तर्गत काठमाडौं राज्य जयप्रकाश मल्लले बचाउन शाहको विरोधमा अंग्रेजलाई उचाल्दा सन् १७७५ मा किनलकको नेपाल प्रवेश जनकपुर हुँदै भएको कुरा इतिहासबाट प्रमाणित छ । पश्चिमेली नागरिकमा जनकपुरमा सन् १९६४ तिर आउने अमेरिकी पिसकोर स्वयंसेवक अर्नोल्ड दम्पत्ति पहिला हुन् । त्यसपछि जनकपुर चुरोट कारखाना भवन निर्माणको क्रममा रुसी नागरिकको आगमन भएको देखिन्छ । यस्तै अमेरिकी महिला क्लेयर बर्कटले कुवामा महिला विकास केन्द्रको स्थापना गरी मिथिला चित्रकलाको अन्तर्राष्ट्रिय बजारमा प्रसिद्धी दिलाएको पाइन्छ ।

योजनाबद्ध रूपमा जनकपुरलाई पर्यटन केन्द्रको रूपमा विकसित गर्ने प्रयास कुनै पनि पक्षबाट भएको देखिँदैन । जनकपुरको आत्माको रूपमा रहेको धर्म र संस्कृतिको जादूले मात्र आजसम्म स्वतः तानिएर पर्यटक जनकपुर आउने गरेका छन् । यस भावभूमिमा नीलम सञ्जीवा रेडी, ज्ञानी जेल सिंह, अटलबिहारी बाजपेयी, नरसिंह रावलगायतका भारतीय वरिष्ठ नेता र राजनीतिकर्मीहरूको जनकपुर आगमन भएको थियो । यसमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा जनकपुर र अयोध्याको प्राचीन सम्बन्धलाई दृष्टिगत गरी घोषणा गरिएको रामायण सर्किट परियोजना 'ब्राण्डिङ' सन्दर्भलाई टेवा दिन सकिने दिगो आधार हुनसक्छ ।

जनकपुरधामविना भारतको धाम र भगवान राम पनि अधुरो रहने यथार्थताको पृष्ठभूमिमा समृद्ध सांस्कृतिक विविधताको संरक्षणअन्तर्गत मिथिलाको जनकपुरधाम र भारतको अयोध्याबीच सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध विस्तार, तीर्थाटनको प्रवर्द्धन गर्ने उद्देश्य राखी रामायण सर्किट परियोजना कार्यान्वयनमा छ । यसलाई जनकपुरधाम र अयोध्याको धार्मिक र सांस्कृतिक सम्बन्धलाई प्रगाढ र तीर्थयात्रीको ओइरो लाग्ने परियोजना त्रेता युगको विरासत गाथा, राम र जानकीको पाइला स्पर्श गरिएको क्षेत्रसँग जोड्ने भागीरथ प्रयास र पर्यटकीय विकासका फाँटमा आशाको किरण मानिएको छ ।

सन् २०१४ मा भारतीय भारतीय प्रधानमन्त्री मोदी नेपाल भ्रमणका क्रममा अयोध्या र जनकपुरको धार्मिक तथा सांस्कृतिक विकासका लागि गरिएको सम्झौताअनुरूप रामायण सर्किट रामको जीवनका तीनवटा अध्याय जन्म, विवाह र रावण वधसँग सम्बन्धित स्थलको तीर्थाटनमा आधारित परियोजना हो । भारतको पर्यटन मन्त्रालयबाट भारतभरि दर्शन योजनाअन्तर्गत विकसित १३ विषयगत सर्किटमध्ये रामायण सर्किट पनि एउटा हो । यो परियोजनाभित्र अयोध्या, श्रृंगपुर, चित्रकुट, सीतामढी, बक्सर, नन्दीग्राम, जगदलपुर, भद्राचलम, रामेश्वरम, हम्पी, नासिक र नागपुर छ भने नेपालतर्फ जनकपुरधाम लगायत राम र जानकीको जीवनगाथासँग जोडिएको धार्मिकस्थलको विकास समावेश छ । परियोजनाभित्र पोखरी, मन्दिर, मिथिलाको विरासत संरक्षण, रामायणकालीन तीर्थस्थललाई पर्यटनसँग आवद्ध गरी जनकपुर र अयोध्यालाई आर्थिक रूपमा सबल बनाउने मार्गचित्र रहेकाले यसलाई सभ्यता र संस्कृतिलाई जीवन्त तुल्याउने अतुल्य अभियान मान्न सकिन्छ ।

जनकपुरधाम आउने ७० प्रतिशत भारतीय तीर्थयात्री हुने गरेकाले पनि परियोजना महत्त्वपूर्ण छ । सन् २०१८ मई १ मा भारतीय प्रधानमन्त्री मोदीको जनकपुर आगमनपछि जनकपुरमा भारतीय तीर्थयात्रीको वृद्धिले पनि यसको सार्थकतालाई सिद्ध गरिरहेको छ । रामायण सर्किट परियोजनाअन्तर्गत दुई पटक विशेष रेलद्वारा भारतीय तीर्थयात्रीको जनकपुरधाम आगमन पनि भइसकेको छ । यसलाई स्वदेशी र विदेशी पर्यटकलाई मनोहर र पर्यटन अनुभव आदान प्रदान र पर्यटन परिपथ एकीकृत विकासको नयाँ पाइला पनि मानिएको छ । यसको एउटा पाटोका रूपमा भारतको अयोध्यामा निर्माणाधीन राम मन्दिरमा नेपालको देवशिलाको प्रयोग गरी तीर्थाटनको सूत्रलाई विस्तार गरिएको छ ।

यसका अतिरिक्त वर्तमानमा विशिष्ट छविका रूपमा विकसित गर्न स्थललाई 'ब्राण्डिङ' गर्नु आवश्यक छ । जनकपुरधामलाई विवाहभूमि ब्राण्डिङ गरी देश र विदेशबाट नवजोडी विवाहका लागि गन्तव्य स्थलका रूपमा विकसित गर्नुपर्दछ । यसका लागि मणिमण्डपमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न विवाह मण्डप निर्माणको अवधारणालाई मूर्तरूप दिनुपर्ने टड्कारो देखिएको छ । मणिमण्डपमा एक पटक सामूहिक विवाहको प्रयास एउटा संस्थाले गरे पनि व्यवस्थापकीय पक्षको कमजोरीका कारण मणिमण्डपमा निरन्तरता पाउन नसकेर सामूहिक विवाहलाई जानकी मन्दिर परिसरमा आयोजना हुने रामजानकी विवाह उत्सवमा सीमित गरिएको छ । विश्वकै महान सम्पदा जनकपुरधामलाई विवाहभूमि 'ब्राण्डिङ' गरी धार्मिक पर्यटन क्षेत्रमा एक प्रमुख गन्तव्य स्थलका रूपमा प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ । *रासस*

*(लेखक पत्रकार एवं मैथिलीभाषा, साहित्यका अध्यता हुन्)*

# देश र जनताको पक्षमा राप्रपा अभियान



▸▸ तीर्थराज चटौत

अहिले देश भिसन अप्ठेरो अवस्थामा गुज्रिरहेको छ । ठूलो आर्थिक संकटको सामना गर्नु परिरहेको छ । खर्चको अनुपातमा राजस्व संकलन धेरै कम देखिन्छ । वैदेशिक सहायताको देशले भर पर्नुपरेको अवस्था छ । यसको प्रमुख कारण संघीयता र तीन तहका सरकारको खर्चको कारणले खर्च कम भएको हो । र, प्रदेशको संरचनाको कारणबाट पनि आर्थिक संकट भोग्नुपरेको हो ।

राजनीति भनेको देशको सेवा र जनताको सेवा गर्नु नै मुख्य हो, तर अहिले जुन राजनीतिक दलहरूले शासन चलाएका हुन् । यिनीहरूले देश सेवा र जनताको सेवा गर्नुभन्दा बाहिर भएर, आफ्नो स्वार्थपूर्ति र आफूमात्र कसरी कमाउने भनेर लागेको देखिन्छ । नेपालीलाई भुटानी शरणार्थी बनाउनु घोर आपराधिक काम हो, जनघात हो, राष्ट्रघात हो र राष्ट्रकै अपमान पनि हो । यो प्रकरणले देशको अन्तर ष्ट्रिय रूपमै बेइजत भयो । साथै, ललिता निवास जग्गा प्रकरणमा भन्नुभन्दा सरकारी जग्गा हिनामिना गर्नु झन् ठूलो राष्ट्रघाती काम हो । यस प्रकरणमा सत्तामा बसेर पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसचिवदेखि सयौंले जग्गा हिनामिना गरेको देखिन्छ । यो पनि घोर आपराधिक काम हो । राष्ट्र विरोधी काम हो ।

त्यसो त सुन काण्ड नेपालमा धेरै भए । धेरैले उन्मुक्ति पाए । संसदीय छानबिन समिति बने तर दोषीलाई कुनै कारबाही भएन । यिनै सत्तासिन एवं प्रमुख दलका नेताहरूले पटक-पटक सुन काण्ड गर्दै आएका छन् । ३३ किलो सुन काण्ड हामीले देखेकै हौं । अहिले १०० किलो सुन पनि यिनै दलका नेताहरूको मिलोमतोबाट ल्याएको सञ्चारमाध्यमबाट हामीले थाहा पाइरहेका छौं । यति ठूलो ओहोदामा पुग्ने व्यक्तिहरूले राष्ट्रघाती काम गर्नुले हामी सबैलाई दुःखी तुल्याएको हो ।

भ्रष्टाचारको बारेमा बोलेर साध्यै छैन । देशव्यापी रूपमा संघ, प्रदेश र स्थानीय सरकारहरूमा पनि बाटोघाटो बनाउने, ठेक्कापट्टा गर्दा आफ्ना मान्छेलाई ठेक्कापट्टा दिन स्वयं जनप्रतिनिधिहरू नै लागिरहेको देखिन्छ । जनप्रतिनिधिहरू आफैंले विभिन्न मेसिन खरिद गरी आफैंले भुक्तानी लिइरहेका छन् । समस्त रूपमा भ्रष्टाचारको जालो फैलिरहेको छ । तर भ्रष्टाचार विरोधी पार्टी यो मुलुकमा राप्रपा मात्र देखिएको छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले एक रूपैयाँ घुस खानु भनेको आमाको रगत खानुसरह हो भन्नुभएको, के अन्य पार्टीका नेताले यस्तो भन्न सक्छन् ?

राप्रपा सरकारमा पटक-पटक गएकै हो । यस पार्टीबाट निर्वाचित भएका सांसद, नगरप्रमुख, गाउँपालिका अध्यक्ष, वडाध्यक्ष जितेका ठाउँमा बाटोघाटो निर्माण गर्न, स्कुल, राम्रो शिक्षा दिनु, स्वास्थ्य शिक्षा निःशुल्क गराउनुका साथै स्वयं सांसदले समेत सरकारबाट आफूलाई पाउने सुविधा कटौती गरेर जनसेवामा लगाउनुका साथै राष्ट्रियस्तरका खेलाडीहरूलाई आफ्नो पारिश्रमिक दिनु, वडामा रहेका वृद्धवृद्धाहरूलाई आफूले पाएको सुविधा नदिई वितरण गरेको तपाईं हामीले देखेकै कुरा हो । यस्तो काम अन्य पार्टीका कुनै पनि सांसदसहितका जनप्रतिनिधिले ध्यान गएको देखिँदैन ।

राप्रपा अध्यक्ष लिङ्देनको ४० दिनको मन्त्रिपरिषद्मा संलग्नता भएको बेलामा आफ्नो निर्वाचन क्षेत्रमात्र होइन, देशका विभिन्न ठाउँहरूमा विकास निर्माण हुनेगरी विगत तीन वर्षदेखि सरकारले पिपिए नगरी विद्युत् उत्पादन गर्ने कम्पनीहरूले विद्युत् उत्पादन गर्न अनुमति पाए । आजसम्मको इतिहासमा कुनै पनि मन्त्रीले अवकाश लिएर गइसकेपछि पनि विद्युत् उत्पादक संघ (इपान)ले धन्यवाद दिने गरेको थिएन । तर, हाम्रा अध्यक्षलाई राप्रपाको पार्टी कार्यालयमा इपानका अध्यक्षसहितका पदाधिकारीहरू गई धन्यवाद दिएर आएका छन् । यो भन्दा अरु राम्रो काम अरु के हुन्छ र त्यस्तो संस्थाले धन्यवाद दिएपछि । यसै मेसोमा भन्नुपर्दा यही जेठ ४ गते बसेको केन्द्रीय समितिको निर्णयअनुसार नवीन राप्रपाको अवधारणा अघि सारिएको छ । नवीन राप्रपा अभियान ४० वर्षमुनिका युवायुवतीलाई समावेश गराउने, पाकाहरूको सम्मान गर्ने, सक्रिय भएर काम गर्ने व्यक्तिलाई अघि ल्याउने, सक्रिय हुन नसक्ने शुभचिन्तकहरूलाई सम्मानजनक रूपमा पार्टीभित्र राख्ने र सक्रिय सदस्यहरूको संख्या दुई लाख पुऱ्याउने लक्ष्य छ । गाउँ, वडा तहसम्मै संगठन फैलाउने हाम्रो योजना छ ।

म कञ्चनपुर जिल्लाबाट पार्टीको महाधिवेशन प्रतिनिधि भई केन्द्रीय सदस्य निर्वाचित भएको छु । हाल मलाई पार्टीले डडेलधुरा जिल्लाको परशुराम गाउँपालिका, आलिताल गाउँपालिका र भाग्यश्वर गाउँपालिकामा पार्टी संगठन गर्ने जिम्मेवारी दिएको छ । प्रारम्भिक कामको चरणमा यही साउन ७, ८ र ९ गते डडेलधुरा जिल्ला गई तीनवटै गाउँपालिकाका नेता कार्यकर्ता, शुभचिन्तकहरूसँग भेटघाट गरी फर्केको छु । साथै, अमरगढी नगरपालिका एवं जिल्लास्तरका कार्यकर्तासँग डडेलधुरा सदरमुकाममा बैठक बसेर फर्केको छु । अब फेरि पार्टीले खटाएअनुसारका स्थानमा छ महिनासम्म सक्रिय रहनेछु ।

ठूला दलहरूको अकर्मण्यताका कारणबाट जनता आजित भएको पाइयो । अब उनीहरूको कुनै पनि कामलाई जनताले विश्वास नगरेको स्पष्ट देखियो । राप्रपाप्रति जनताको माया, मोह र स्नेह राम्रो पाइयो । खासगरी रवीन्द्र मिश्रको प्रवेशले राप्रपाप्रति जनताले उत्साह र भरोसा गरेको पाइयो ।

नेपाल देश चिनाएको राजसंस्थाले हो । राजसंस्थाले नेपाल एकीकृत गरेको हो । राजसंस्थाबाट नै नेपाली जनता कहिल्यै विदेशी गुलाम हुनु परेन । वास्तवमा राजसंस्थालाई जनताले हराएको पनि होइन । मनोनीतहरूले एउटा कोठामा बसेर थप्पडी बजाएर राजसंस्था हराएका छन् । तर, जनताको अझै राजसंस्थाप्रति अगाध स्नेह र सद्भाव छ । अहिले पनि ठूला दलहरूमा ५० प्रतिशतभन्दा बढी राजसंस्था र हिन्दूधर्म मान्ने नै छन् । विदेशी दबाब र हस्तक्षेपको कारण मुलुकबाट राजसंस्था हटाइएको हो । राजा यतिबेला किन कार्यक्रममा हुनुहुन्छ, सम्बोधन गर्दै हुनुहुन्छ यो जुन चाहनाअनुसार नै हो । राजा जनताले बोलाएको ठाउँमा जानै नहुने, बोल्नै नहुने हो ? एक नागरिकका हैसियतले जो जहाँ पनि जान पाउने संवैधानिक अधिकार हो । यो अधिकार राजा ज्ञानेन्द्रमा पनि छ ।

*(लेखक राप्रपाको केन्द्रीय सदस्य हुन्)*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# 'पढ्दै कमाउँदै विद्यार्थी' कार्यक्रम प्रभावकारी

**कञ्चनपुर–** लालझाडी गाउँपालिकाले पढ्दै कमाउदै विद्यार्थी तथा युवा उद्यमशीलता विकास परियोजनाअन्तर्गत सञ्चालन गरेका कार्यक्रम प्रभावकारी भएका छन् । नवप्रवर्तन साझेदारी कोषको एक करोड ४० लाख रूपैयाँ र गाउँपालिकाको ६० लाख गरी दुई करोड रूपैयाँको लागतमा उक्त परियोजना सञ्चालन गरिएको हो । सीपयुक्त जनशक्ति तयार गरी उत्पादनमूलक क्षेत्रबाट आर्थिक विकास गर्ने उद्देश्यले परियोजना सञ्चालन गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख सिद्धराज भट्टले बताए ।

विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने कार्यसँगै भर्ना दरमा वृद्धि गरी बीचमै विद्यालय छाड्ने विद्यार्थीलाई टिकाउन र गुणस्तरीय सिकाइलाई प्रभावकारी बनाउन सञ्चालन गरिएका कार्यक्रम फलदायी भएको उनले उल्लेख गरे । परम्परागत अन्तरपुस्ता सीप हस्तान्तरणलाई बढावा दिई प्राचीन शैलीका वस्तु आधुनिक तरिकाले उत्पादन गरी स्थानीय भाषा, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा आयआर्जन गर्न सञ्चालन गरिएका कार्यक्रमले युवा पिढीलाई जागरुक बनाएको प्रमुख भट्टको भनाइ थियो ।

उनका अनुसार उक्त कार्यक्रमका माध्यमबाट पढ्दै गरेका विद्यार्थी तथा बेरोजगार युवामा उद्यमशीलताको विकासका गर्नाका साथै नयाँ उद्योग स्थापना गरी स्वरोजगार भएका छन् । गाउँपालिकाभित्र दर्ता र सञ्चालनमा रहेका व्यवसायको सफ्टवेयरमार्फत प्रमाणपत्र तयारी तथा अनलाइन अभिलेख व्यवस्थापनको कार्य परियोजनाअन्तर्गत गरिएको छ । आर्थिक अभावका कारण विद्यालय आउन नसक्ने बालबालिकाले पनि आयआर्जनमा सहभागी भई पढाइलाई निरन्तरता दिइरहेको भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक बेदप्रसाद उपाध्यायले बताए ।

विद्यालयमा उक्त परियोजनाअन्तर्गत सञ्चालन गरिएको कार्यक्रमबाट कापी उद्योग सञ्चालन गरिएको उनले जानकारी दिए । 'विद्यालयलाई आवश्यक पर्ने कापी उद्योगबाटै उत्पादन हुन्छन्,' प्रधानाध्यापक उपाध्यायले भने, 'उत्पादित कापी बाहृय क्षेत्रमा बिक्री गरी विद्यालयले अतिरिक्त आम्दानी गर्न थालेको छ ।'

विद्यार्थीको सीपमा आधारित व्यवहार परिवर्तन हुनाका साथै अभिभावकको शिक्षामा गर्नुपर्ने आर्थिक लगानीको दायित्व घटेको उनले बताए । 'पढ्दै कमाउँदै कार्यक्रम नौलो अभ्यास भए पनि यसको सफलताले सम्मानजनक सामाजिक जीवनयापन गर्न कोशेढुंगा भएको छ,' गाउँपालिका-३ का अध्यक्ष टीकाराम चौधरीले भने, 'पढ्दै गरेका विद्यार्थी तथा बेरोजगार युवामा उद्यमशीलताको विकासबाट नयाँ उद्यमको विकास भई नयाँ व्यवसाय सिर्जना भएका छन् ।'

परियोजनाअन्तर्गत सञ्चालन भएका कार्यक्रमअन्तर्गत १७ बिघामा दुई हजार ६०० बाँसको बिरुवा र पाँच हजार अन्य फलफूलका बिरुवा रोपिएको छ । बैजनाथ माध्यमिक विद्यालयको दुई बिघा जग्गामा चार वटा पोखरी तयार भई विभिन्न जातका एक हजार ८०० माछाका भुरा राखिएको छ ।

यसबाट आउँदो असोज सम्ममा चारवटै पोखरीबाट वार्षिक रूपमा चार लाख रूपैयाँ आम्दानी हुने लक्ष्य लिइएको छ । विद्यालयमा प्राप्त भएका उपलब्धिलाई संस्थागत र दिगो बनाउँदै थप व्यवसाय सिर्जना गर्न सकिने बताइएको छ । परियोजनाको दिगोपनाका लागि गाउँपालिकाबाट चालु आवमा नवप्रवर्तनका लागि ३० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

शिक्षा शाखा प्रमुख भट्टका अनुसार विद्यालयमा कार्यक्रम सञ्चालनबाट व्यवसायिक सचेतना वृद्धि, विद्यालय र समुदायबीचमा अपनत्वको भावनाको विकास, उत्पादनमूलक आर्थिक पूर्वाधारको विकाससँगै रोजागारी सिर्जनाको आधार तयार भएको छ । यसैगरी आर्थिक अभावका कारण विद्यार्थीले विद्यालय छोड्ने प्रवृतिमा निकै कमी आउनाका साथै उद्यमशील संस्कृतिको विकासमा सकारात्मक धारणाको विकास, उद्योग र व्यवसायमा स्थानीय समुदायको सहभागिता पनि बढेको छ । साथै, १० वर्षे शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सहयोग भई निःशुल्क शिक्षा कार्यान्वयनमा योगदान पनि पुगेको छ । *रासस*

# सात बालबालिकाको भारतबाट उद्धार

**रूपन्देही–** नेपालका विभिन्न जिल्लाबाट हराएका सात बालबालिकाको भारतबाट उद्धार गरिएको छ । विगत छ वर्षदेखि मानव बेचबिखनविरूद्ध कार्यरत सामाजिक संस्था केआइएन इण्डियाले भारतका विभिन्न स्थानबाट उद्धार गरिएका चार बालक र तीन बालिकालाई सुनौली नाका हुँदै शनिबार स्वदेश फिर्ता गराएको हो ।

दार्चुलाको १५ वर्षीया, पाल्पा र पर्साका १६ वर्षीया बालिका तथा रौतहटका १३ वर्षीय दुई बालक, महोत्तरी र अर्घाखाँचीका १६ वर्षीय बालकको उद्धार गरिएको हो । ती बालबालिका विभिन्न बहाना तथा प्रलोभनमा भारत पुर्‍याइएको थियो । एकदेखि छ महिनाको अवधिमा हराएका बालबालिकालाई भारतीय प्रहरीको सहयोगमा विभिन्न स्थानबाट उद्धार गरिएको हो ।

बालबालिकाको उद्धार र स्वदेश फिर्तीमा प्रत्यक्ष संलग्न संस्था केआइएनका निर्देशक नवीन जोशीका अनुसार ती बालबालिकामध्ये तीनजना बालकको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी उपसचिव मीना पौडेल र जिल्ला प्रहरी कार्यालय रूपन्देहीको रोहबरमा पारिवारिक पुनःमिलन गराइएको छ । एक बालकलाई बालबालिका खोजतलास केन्द्रमा राखिएको छ । तीन बालिकालाई रूपन्देहीको एक आवास गृहमा राखिएको छ । बालबालिका भार तसम्म के कसरी पुगे भन्नेबारे थप अनुसन्धान प्रक्रियाका लागि बालिकालाई आवस गृहमा राखिएको हो । उद्धार गरिएकामध्ये दार्चुलाकी बालिका घरबाट भागेर हिँडेको र दिल्लीको मेट्रो स्टेसनमा फेला पारिएको केआइएनका निर्देशक जोशीले जानकारी दिए ।

उनकाअनुसार पाल्पाकी बालिकालाई लागुऔषध प्रयोगकर्ताले सीमा नाकामा भएको चेकजाँचमा बुहारी भनेर झुक्याएर भारत पुर्‍याएका थिए । ती बालिकालाई रेलवे स्टेसनबाट उद्धार गरिएको हो । पर्साकी बालिका दिल्लीमा खोजतलास गर्ने क्रममा खाली कोठामा बन्धक बनाएर राखिएको अवस्थामा फेला पारिएको थियो ।

चारैजना बालकलाई दिल्लीबाट उद्धार गरिएको केआइएनले जनाएको छ । 'प्रहरी तथा भारतस्थित नेपाली दूतावासले केआइएन इण्डियालाई केस फरवार्ड गर्नुहुन्छ । त्यही आधारमा काम गर्छौं,' निर्देशक जोशीले भने, 'भेटिनेभन्दा नभेटिने बालबालिकाको संख्या धेरै छ ।' सन् २०१८ देखि अहिलेसम्म केआइएनले ५०० भन्दा बढी महिला तथा बालबालिका उद्धार गरेको जनाएको छ । 'भारत धेरै जनसंख्या भएकाले कुन क्षेत्रमा छ भनेर पत्ता लगाउन निकै समस्या हुन्छ । भारतीय प्रहरीको सहयोगमा उद्धारको काम गरिरहेका छौं,' उनले भने । *रासस*

# भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले इलामको माई नगरपालिकास्थित पशुपति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष कुमारबहादुर बराइलीसहित आठ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

प्रक्रिया नपुर्‍याई लागत इस्टिमेट तयार पारेको, प्राविधिक बिल भरपाई नराखी समूहको निर्णयविपरीत आफू अनुकूल कागजात तयार पारी १५ लाख पाँच हजार ९३० रूपैयाँ बराबरको भ्रष्टाचार गरेको अभियोगमा आयोगले मुद्दा दायर गरेको हो । आयोगले वन उपभोक्ता समूहका अध्यक्षविरुद्ध बिगोबमोजिम कैद र जरिवानाको माग गरेको छ ।

यस्तै वन उपभोक्ता समितिका तत्कालीन सल्लाहकार अर्जुनकुमार थापा र कोषाध्यक्ष रामकुमारी खत्रीविरुद्ध चार लाख रूपैयाँ बराबरको बिगो दाबी गरेको छ । वन समूहका उपभोक्ता एवं चिलाउने गौंडा हिलो खोला क्रसिङ फुटपाथ पुलका अध्यक्ष दिलबहादुर मगर र पुलका कोषाध्यक्ष रस्मिला बराइलीविरुद्ध चार लाख रूपैयाँ, दर्तावाला लेखापरीक्षक चन्द्रबहादुर बस्नेतविरुद्ध गलत प्रतिवेदन बनाई भ्रष्टाचारमा सहयोग गरेको अभियोग देखिएकाले कैद र जरिवानाको माग गरेको छ ।

आयोगले वन उपभोक्ता समूहका तत्कालीन सचिव रामबहादुर मगर र सोही समूहका तत्कालीन कोषाध्यक्ष चन्द्रकला श्रेष्ठविरुद्ध समान ११ लाख पाँच हजार ९३० रूपैयाँ बराबरको बिगो दाबी गर्दै आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AFKAR AL QIMAM CEMENT COMPANY

पुर्व स्वीकृति मिति २०८०/०४/२५ LT. No. 290744 चलानी नं. ६०२०६०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 2 | 0 | 1300 | ४६०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ४ गते (21th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

कर्पोरेट कार्यालय :
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

## गैर बैंकिङ सम्पत्ति धितो सुरक्षण धनी (गैर बैंकिङ सम्पत्तिमा आउनु अघिको धनी) लाई सम्पत्ति फिर्ता लिन आउने ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८०/०४/२९ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

यस प्रोग्रेशिभ फाईनान्स लिमिटेडको शाखा कार्यालय न्यूरोड, काठमाण्डौंको ऋणी सिटी अफ ड्रिम्स प्रा.लि.ले उपभोग गरेको कर्जाको फाइनान्ससँग गरेको शर्त कवुलियत बमोजिम कर्जा नतिरे नबुझाएको कारण मिति २०७९/१२/११, २०८०/०१/१३, २०८०/०१/२४ र २०८०/०३/२० गरी चार पटक सम्म धितो लिलाम बिक्री गर्न बोलपत्र पेश गर्ने बारे १५ दिने र ७ दिने लिलाम बिक्रीको सार्बजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरे बमोजिम तपशिलको जग्गा लिलाममा राख्दा/ गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गर्न कोही पनि महानुभावहरु नआउनुभएको र ऋणी तथा धनजमानीकर्ताले समेत कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाउनु भएकोले यस फाइनान्सको निर्णय अनुसार उक्त जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत फाइनान्स आफैले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा धितो सकार गर्ने निर्णय भए बमोजिम उक्त सम्पत्ति मिति २०८०/०४/१० गते सोही अवधि सम्मको कुल लेना रकमको आधारमा सकार गरिएको व्यहोरा सम्बद्ध ऋणी, धनजमानीकर्ता तथा धितो धनीलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०७९ को ई.प्रा. निर्देशन नं २/०७९ को दफा ११ को उपदफा ४ (च) मा भएको "गैर बैंकिङ्ग सम्पत्ति सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धी" व्यवस्था बमोजिम तपाई साविकको धितो धनी काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.-०२ ठेगाना भएको श्री समिप नरसिंह राणालाई बक्यौदा रकम चुक्ता गरी धितो फिर्ता लिन अन्तिम अवसर दिने निर्णय भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** गैर बैंकिङ सम्पत्ति लेखाङ्कन गर्दाको मूल्यमा धितो फिर्ता गर्दाको समय सम्मको व्याँज रकम आदि समेत जोड गरी हुन आउने बक्यौदा रकम चुक्ता गरी धितो फिर्ता लिनुहुन सूचित गरिन्छ । अन्यथा कानून बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल :**

**सुरक्षण धितोको विवरण:** मालपोत कार्यालय चावहिल काठमाण्डौंमा दर्ता रहेको काठमाण्डौं जिल्ला बालुवा गा.वि.स. वडा नं ४, हाल गोकर्णेश्वर न.पा. वडा नं ०३ स्थित कि.नं. १३ र ५२ को क्षेत्रफल क्रमशः ८-०-०-० र ७-३-२-० (रोपनी) भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।



## अत्यन्तै जरूरी सूचना

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वा अनुमान महाशाखाबाट जारी सूचना अनुसार देशैभर हल्का देखि भारी वर्षा भईरहेकोले भारी वर्षाको समयमा सुरक्षित स्थानमा बस्नु हुन, नदी-खोला नाला र वनजङ्गलमा घाँस दाउरा संकलनको लागि नजानु हुन, बाढी पहिरोको जोखिमयुक्त श्रेत्रमा हिड्डुल तथा नजिक नबस्नु हुन तथा सडकको अवस्था बुझेर मात्र यात्रा तय गर्नु हुन सबैमा अनुरोध छ । यदि कुनै किसिमको विपद्जन्य घटना घटेमा वा विपद्जन्य घटनाको जानकारी भएमा नजिकको प्रहरी चौकी, स्थानीय निकाय विपद् व्यवस्थापन समिति, आम सञ्चार माध्यम तथा जिल्ला विपद् व्यावस्थापन समितिलाई जानकारी गराई दिई सहयोग गरिदिन हुन गाउँपालिका वासीहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**धन बहादुर पुन मगर**
(अध्यक्ष)

**लालसिंह खड्का**
(प्रमुख प्रशासकीय अधिकृत)

**सुनछहरी गाउँपालिका**
**पोबाङ (रोल्पा)**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIVA ROSA BEAUTY SALON COMPANY FOR LADIES

पुर्व स्वीकृति मिति २०८०/०४/२७ LT No. 290899 चलानी नं.६०२०५९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६४,७२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ४ गते (21th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : GOOD SERVICE GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति २०७८/११/१२ पून स्वीकृति मिति २०८०/०४/२८ LT. No. 258496 चलानी नं. ६०१७५००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 5 | 0 | 140 | ६०४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 195 | ८४१४५ | | | | | | | |
| 3 | Helper | 4 | 10 | 110 | ४७४६५ | | | | | | | |

कम्पनी : DAR ALABDALI LADIES GARMENTS TAILORING & TEXTILE CO.

पुर्व स्वीकृति मिति २०७९/०२/१६ पून स्वीकृति मिति २०८०/०४/२८ LT. No. 263833 चलानी नं. ६०१७९९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cutting Master | 0 | 2 | 300 | १२९४५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 0 | 19 | 140 | ६४१० | | | | | | | |
| 3 | Tailor | 0 | 4 | 175 | ७५५१३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ४ गते (21th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | १०,०००/- |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal
Tel : +977-1-4385544, E-mail : shuvamoves123@gmail.com
Website : www.shuvamoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAPITAL FORCE COMPANY FOR OPERATION AND MAINTENANCE ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/२८ LT. No. 290804 चलानी नं. ६०२०६०५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 15 | 0 | 1200 | ४२५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ४ गते (21th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पुर्व स्वीकृति मिति २०८०/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२८ LT. No. 289726 चलानी नं. ६०२०४९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पुर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२८ LT. No. 282026 चलानी नं. ६०१९७५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६३७६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ४ गते (21th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक





## पूर्वमुख्यसचिव राजभण्डारीको 'पुतली बनी बस्न आयौ'

पूर्वमुख्य सचिव केशवराज राजभण्डारीको शब्द सृजना रहेको 'पुतली बनी बस्न आयौ'को भिडियो सार्वजनिक गरिएको छ। शुभबहादुर सुनामको संगीत तथा गायिका संगीता शाक्यको स्वर रहेको सो गीतलाई राजेश कुमार श्रेष्ठले एरेन्ज गरेका छन्। निशा कार्की, अमन श्रेष्ठ, सचिना अर्याल, विवेक ठाकुर, डा. सचिन झालगायतको अभिनय रहेको उक्त गीतको भिडियोलाई जनक खड्काले छायांकन तथा निर्देशन गरेका छन्। प्रेमीसँगको बिछोडलाई प्रस्तुत गरिएको भिडियोलाई नहकुल खड्काले सम्पादन गरेका छन्।





सोमबार, २९ साउन २०८० (Monday, August 14, 2023)


# अस्ट्रेलियाबाट फर्किए सलोन




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भाद्र ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'जय हो'का मुख्य अभिनेता सलोन बस्नेत अस्ट्रेलिया प्रचार सकेर शुक्रबार नेपाल फर्केका छन्। अब उनी नेपालमा फिल्मको प्रचारको काममा व्यस्त हुनेछन्।

फिल्म अस्ट्रेलियाका ४० ओटा हलमा एकसाथ रिलिज हुनेछ। त्यहाँका वितरक देव कार्कीसँग मिलेर सलोनले हरेक हलमा फिल्मको व्यानर समेत राखेका छन्। उनी अस्ट्रेलियाका विभिन्न सहरमा वितरक र निर्मातासँगै पुगेर दर्शकलाई फिल्मको बारेमा जनाकारी दिएका छन्। त्यहाँ फिल्म हेर्न दर्शक निकै प्रतिक्षारत रहेको पाएको अभिनेता बस्नेतले बताए।

अस्ट्रेलियाबाट फर्के लगत्तै सलोन अब जय होको प्रचारको लागि देश दौडाहामा निस्कने तयारीमा छन्। टेक पौरखी राईद्वारा निर्देशित फिल्ममा सलोनका अलवा केकी अधिकारी, माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय रहेको छ।

शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन र समीर मियाँको भीएफएक्स छ। फिल्ममा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ।

सलोन सलिना फिल्म्सको व्यानरमा निर्माण भएको फिल्मको प्रोडक्सन डिजाइनर केबलमान सिङ बस्नेत र प्रोडक्सन हेडमा समीर खान। निर्माता सुरज ल्वागन (सरकार) र राज के अधिकारी रहेका छन्।

# बस्नेतलाई 'मिस लिटल आइडल २०२३' को उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्याब्सन र एक्सन इन्टरटेनमेन्टले आयोजना गरेको मिस लिटल आइडल २०२३ को उपाधि क्याम्ब्रिज पब्लिक हाई स्कुल पुरानो बानेश्वरकी स्वस्तिका बस्नेतले चुमेकी छिन्। राजधानीस्थित सांस्कृतिक संस्थान, नाचघर जमलमा शनिवार सम्पन्न कार्यक्रममा १७ स्कुलका ६८ प्रतिस्पर्धीलाई उछिन्दै उनले सो उपाधि प्राप्त गरेकी हुन्। बस्नेतले दोस्रो पटकको प्रयासमा यो उपाधि चुम्न सफल भएकी हुन्।

मिस लिटल आइडल फस्ट रनरअपको उपाधि भने नेसनल ब्लुमिङ हाई स्कुल बूढानीलकण्ठमा कक्षा ६ मा अध्ययनरत प्राप्ति कुँवरले हात पार्न सफल भएकी छिन्।

त्यस्तै मिस लिटल आइडल सेकेन्ड रनरअपको क्याम्ब्रिज स्कुलमा कक्षा ६ मा अध्ययनरत बेला महर्जनले हात पार्न सफल भएकी छिन्। ज्ञान निकेतन इङ्गलिस स्कुल कक्षा ६ मा अध्ययनरत पतीज्ञा पाण्डे मिस लिटल ट्यालेन्ट २०२३ को उपाधि चुम्न सफल भएकी छिन्।

प्याब्सन काठमाडौंकी उपाध्यक्ष तथा मिस लिटल आइडलकी आयोजक रिता राई दाहालका अनुसार लिटल आइडल २०२३ विजेता बस्नेतले ताज, ३० हजार र एक वर्षको छात्रवृत्ति प्राप्त गरेकी छिन्। फस्ट रनरअप कुँवरले ले २० हजार नगद र पढिरहेको विद्यायमा छात्रवृत्ति प्राप्त गरेकी छिन्। सेकेन्ड रनरअफ महर्जनले ताज, १० हजार नगद र पढिरहेको विद्यालयमा छात्रवृत्तिको व्यवस्था छ।

मिस लिटल ट्यालेन्ट पाण्डेले अध्ययन गरिरहेको विद्यालयमा एक वर्षको स्कलरसिप र १० हजार रुपियाँ नगद तथा ताज हात पार्न सफल भएकी छिन्।

कार्यक्रमलाई सम्बोधन गर्दै रीता राई दाहालले छोरीहरूको मनोबल उच्च बनाउन र अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न यस्ता कार्यक्रमको आयोजना गरिएको जानकारी दिइन्।

सो प्रतियोगिताका लागि साउन ६ गते ७० जना बालिका छनोट गरी मिस मङ्गोल शिभिरा लामा र प्रसिद्ध कोरियोग्राफर रोजिन महर्जनले प्रशिक्षण दिँदै आएका थिए। त्यसको पहिलो चरणको मिस लिटल आइडलको ट्यालेन्ट सो साउन २० गते शनिवार बिहान ११ बजे सांस्कृतिक संस्थान नाचघरमा भएको थियो।

# साकारको 'म्याजिक' ट्रेन्डिङमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'लिटिल बुद्ध'का रूपमा परिचित नेपाली र्‍यापर तथा गायक साकारले नयाँ गीत 'म्याजिक'को भिडियो सार्वजनिक गरेका छन्। ८८ सेभेज गड फिचर्ड गीतको भिडियो यतिबेला नेपाल, अस्ट्रेलिया र युएईमा ट्रेन्डिङमा छ।

साकारका अनुसार भिडियो नेपालमा ट्रेन्डिङ ३ मा, अस्ट्रेलियामा १४ मा र युएईमा १३ मा छ। तीन दिनअघि रिलिज गीतको भिडियो हालसम्म पाँच लाख बढी दर्शकले हेरिसकेका छन्। भिडियोमा फिचर्ड ८८ सेभेज गड अमेरिकाको न्यू हेम्पशायरमा बस्दै आएका कलाकार हुन्।

साकारको एलबम 'इक्स्टेसी इन द प्यालेस'मा समेटिएको पछिल्लो म्यूजिक भिडियो 'नो पिस इन लभ'को सफलतापछि उनले 'म्याजिक' दर्शकमाझ ल्याएका हुन्। 'नो पिस इन लभ' पनि नेपालको युट्युब ट्रेन्डिङमा १ नम्बरमा, अस्ट्रेलियामा ६ नम्बरमा र युएईमा ४ नम्बरमा आएको थियो।

साकारले 'म्याजिक' झण्डै एक वर्षको मेहनतपछि बजारमा ल्याएको बताए। 'मैले यसअघिको गीतभन्दा फरक संगीतमा म्याजिक ल्याएको छु। यो गीतमा दर्शकले र्‍याप, आरएण्डबी र रेट्रो डान्स म्युजिक सुन्न सक्नुहुनेछ', उनले भने, 'गीतमा प्रयोग गरिएको कोरस पनि आकर्षक सुनिन्छ। यो गीतलाई दर्शकले अझ बढी रुचाउनु हुनेछ भन्नेमा आशावादी छु।'

झोलेले नेतृत्व गरेको एनएफटीपी टिमले यो भिडियो निर्माण गरेको हो। भिडियोमा टीमकै निर्देशन, सम्पादन र भीएफएक्स छ। भिडियोमा कलाकारहरूले ब्रह्माण्डको यात्रा गर्दै गरेको र अचम्मले भरिपूर्ण काल्पनिक संसारमा एलियनले भ्रमण गर्दै गरेको देखाइएको छ।

भिडियो निर्माणमा कुनै कञ्जुस्याइँ नगरिएको निर्माण टिमले जनाएको छ। केही वर्षयतादेखि झोले र साकारले सहकार्य गरिरहेका छन्। साकारले आगामी दिनमा पनि ८८ सेभेजगडसँग मिलेर अन्य भिडियोमा सहकार्य गर्ने जनाएका छन्। साकारले आगामी सेप्टेम्बरबाट विभिन्न मुलुकमा सांगीतिक कार्यक्रम गर्दैछन्। उक्त कार्यक्रमको व्यवस्थापन गर्दै आएको पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क(पीभीइ नेटवर्क)का संस्थापक निर्देशक विकेश कायस्थका अनुसार साकारको कार्यक्रमका लागि तयारी तिब्र गतिमा भइरहेको छ। यो कम्पनीले केही समययता साकारको सांगीतिक कर्मको व्यवस्थापन गर्दै आएको छ।

## रंगशाला

# आरोहण खेल संघको अध्यक्षमा धरेल




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल आरोहण खेल सङ्घको छैटौं अधिवेशनले अध्यक्ष हरि धरेलको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ। सङ्घको वरिष्ठ उपाध्यक्ष रमेश पौडेल, उपाध्यक्षमा सुनारबहादुर गुरुङ, मनोनीत उपाध्यक्षमा ल्हाक्पा शेर्पा, महासचिवमा सन्तोष मादेन, सचिवमा सुजित कँडेल, सचिवमा सञ्जीव गुरुङ, कोषाध्यक्षमा कान्छी डोल्मा ह्योल्मो र सह-कोषाध्यक्षमा प्रणीलमान श्रेष्ठलाई निर्वाचित भएका छन्।

त्यस्तै सदस्यहरूमा अशोक लामा, रामकाजी तिवारी, डोलेन्द्रराज दाहाल, मनराज शिंखडा, राजेश धरेल, मञ्जु गिरी, शिवबहादुर सापकोटा निर्वाचित भएका छन्।

नवनिर्वाचित कार्यसमितिले प्रमुख सल्लाहकारमा गोविन्द भट्टराई र उपसल्लाहकार पि.एन अधिकारी मनोनीत गरेको छ। नवनिर्वाचित कार्यसमितिका सदस्यलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्वसदस्य-सचिव जीवनराम श्रेष्ठले खादा तथा अबिर लगाएर शुभकामना दिएका थिए।

अधिवेशन उद्घाटन गर्दै टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले खेलाडी राष्ट्रका गौरव र गहना भएकाले उनीहरूलाई पालिकाबाट प्रोत्साहन गरिने बताए। उनले टोखा नगर क्षेत्रमा आरोहण पर्यटनको प्रवर्द्धनका लागि आवश्यक जग्गा उपलब्ध गराई अन्तर्राष्ट्रिय स्तरमा खेल पर्यटनको गन्तव्यस्थल बनाउन पहल गर्न लागिएको जानकारी दिए।

